## विशेष इजलास

१

**मा.न्या. श्री बलराम के.सी., मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** रि.नं. २०६४-WS-००३८, उत्प्रेषण समेत, *नीलम पौडेल समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

फौजदारी मुद्दामा अभियोग लागेको व्यक्तिको तीन प्रकारको कानूनी हैसियत हुन्छ । जाहेरी दरखास्त परी प्रहरीले अनुसन्धान चालू गरेपछि अभियोग नलागुञ्जेलसम्म उसको हैसियत Suspect को हुन्छ । अनुसन्धानको क्रममा संकलित सबूद अभियोग लगाउन पर्याप्त देखिई सरकारी वकीलले अभियोग लगाएमा उसको हैसियत Suspect बाट Accused मा परिणत हुन्छ । अदालतले दोषी ठहर नगरूञ्जेलसम्म अभियोग लागेको व्यक्तिको हैसियत Accued नै रही रहने हुँदा अभियोग लागेको व्यक्ति निर्दोष नै मानिन्छ, अभियोग लाग्दैमा दोषी मान्न नमिल्ने ।

कानूनले प्रतिबन्धित चीज वा वस्तु कसैको साथबाट वा वासस्थान आदिबाट बरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासिब माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु बरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार Shift गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरूद्ध आफैं साक्षी हुने अधिकार हनन् गरेको भन्न नमिल्ने।

संविधान प्रदत्त न्यायसम्बन्धी हक र त्यसमा समेटिएका स्वच्छ सुनुवाइको हक, आफ्नो विरूद्ध आफैं साक्षी हुन कर नलाग्ने हक, निर्दोषिताको अनुमान गरी पाउने हक लगायतका कुनै पनि हकहरू कुण्ठित गरिनु नहुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६-WS-००२७, उत्प्रेषण समेत, *रामलगन प्रसाद यादव वि. व्यवस्थापिका संसद सचिवालय समेत*

निवेदकले ३० वर्षको सेवा अवधि पूरा गरेको र संशोधन हुनु पूर्वको नेपाल सरकारले सेवा अवधि थप गर्न सक्ने व्यवस्थाबमोजिमको दुई वर्षको सेवा अवधि थप पाई कार्यरत् रहेकै अवस्थामा सो अवधि व्यतीत नहुँदै नियमावलीमा संशोधन गरियो भन्ने जिकीर लिए पनि नेपाल सरकारले सो नियमको व्यवस्था संशोधन वा नयाँ व्यवस्था राख्न पाउने भन्ने कुनै आधार उल्लेख गरेको देखिएन । सेवा अवधि थप गर्ने सम्बन्धमा रहेको नियम ९८ को उपनियम (४) र (४क) को व्यवस्था नै नियमावलीबाट हटाई सकेको र संशोधित देहाय ३ को व्यवस्थाले उपनियम (४) र (४क) बमोजिम सेवामा रहेका सबै प्रहरी कर्मचारीहरूको हकमा गरेको, समान व्यवस्थाले निवेदकको हकमा असमान व्यवहार गरी निवेदकलाई प्राप्त समानताको हक विपरीत रहेको नदेखिने ।

सेवा अवधि २ वर्ष थप गर्ने प्रथम संशोधनद्वारा संशोधित नियमको व्यवस्था आफूअनुकूल रहेको अवस्थामा संविधानसम्मत् हुने र स्वत: अवकाससम्बन्धी प्रहरी नियमावली, २०४९ को सोह्रौं संशोधनले हालको व्यवस्था आफ्नो प्रतिकूल रहेको भनी लिएको निवेदन दावीमा मागबमोजिम कुनै आदेश जारी हुन सक्ने अवस्था देखिएन । तसर्थ निवेदनमा उल्लिखित कानूनी व्यवस्था संविधानसँग बाझिएको भन्नेसम्मको निवेदनमा दावी लिए पनि आफ्नो दावीलाई वस्तुनिष्ठ आधार प्रमाणले पुष्टि गर्न नसकेको यस अवस्थामा निवेदन मागबमोजिम प्रहरी नियमावली, २०४९ को उपर्युक्त संशोधित व्यवस्था समेत अमान्य र बदर हुनुपर्ने देखिएन । साथै निवेदकलाई सेवाबाट दिएको अनिवार्य अवकाशको निर्णय तथा कामकारवाही समेत कानून विपरीत रहेको नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६-WS-००२६, उत्प्रेषण समेत, *वीरबहादुर राना वि. व्यवस्थालिका संसद सचिवालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको रिट नं. ०४३१, उत्प्रेषण, *नर्मदा खड्का समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

बुढानीलकण्ठ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ बमोजिम गठित बुढानीलकण्ठ क्षेत्र विकास

समिति बुढानीलकण्ठ क्षेत्रको विकास गर्ने विकास समिति हो भने निवेदक श्री बुढानीलकण्ठ नारायणस्थान व्यवस्थापन समिति बुढानीलकण्ठ नारायणस्थान मन्दिरको पूजा, संरक्षण, हेरचाह र व्यवस्थापन एवं नित्य पूजा आजा, धार्मिक कार्य सञ्चालन गर्ने गराउने प्रयोजनका लागि गुठी संस्थान ऐन, २०३३ को दफा १६ र १७ बमोजिम गुठी संस्थानद्वारा गठित समिति हो । अर्थात् निवेदक बुढानीलकण्ठ नारायणस्थान व्यवस्थापन समिति र विपक्षीमध्येको बुढानीलकण्ठ क्षेत्र विकास समिति छुट्टाछुट्टै उद्देश्यको लागि अलग-अलग रूपमा गठन भएका समितिहरू हुन् । यी दुबै समितिहरूको गठन, काम, कर्तव्य अधिकार एवं काम, कर्तव्य समेत अलग-अलग रहेको देखिएको अवस्थामा एकै उद्देश्यका लागि २ वटा समानान्तर समिति गठन भएको भन्न मिल्ने अवस्था नदेखिने ।

गुठी संस्थानद्वारा गठित समिति अनधिकृत वा बुढानीलकण्ठ क्षेत्र विकास समितिको समकक्ष भई एउटै प्रयोजन र कामका लागि दुई निकायले छुट्टाछुट्टै समिति गठन गरेको भन्न निष्कर्ष निकाल्न नमिल्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुद बिष्ट

इति संवत् २०६७ साल मंसिर ५ गते रोज १ शुभम् ।

२

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको रिट नं. ०४५१, उत्प्रेषण परमादेश, *बालकृष्ण श्रेष्ठ वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

दुबै समितिहरूको गठन, काम, कर्तव्य, अधिकार एवं क्षेत्राधिकार समेत अलग-अलग रहेकोले दुबैले आफ्नो-आफ्नो कार्यक्षेत्रअन्तर्गतको काम, कर्तव्य पूरा गर्न एकअर्काबाट कुनै बाधा नपर्ने ।

श्री बुढानीलकण्ठ नारायणस्थान गुठी, राजगुठीको लगतमा लर्ता भई गुठी संस्थानबाट सञ्चालन र बन्दोबस्त भएको अमानती राजगुठी भएको हुँदा बुढानीलकण्ठ नारायणस्थानको परम्परागत कार्यहरूको समुचित सञ्चालन एवं स्रोतको अधिकतम् परिचालन गरी धार्मिक कार्यहरूको व्यवस्था गर्नको लागि गुठी संस्थान ऐन, २०३३ को दफा १६ र १७ बमोजिम गुठी संस्थान केन्दीय कार्यालयले श्री बुढानीलकण्ठ नारायणस्थान व्यवस्थापन समिति गठन गर्नसक्ने नै देखिँदा त्यसबाट यी निवेदकको कानूनी हकमाथि हस्तक्षेप हुने प्रश्नै उठ्दैन । तसर्थ, निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल मंसिर ५ गते रोज १ शुभम् ।

३

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. १०२२, अंश चलन, सीतादेवी ठाकुर समेत वि. बुधनी ठाकुर

विशेषज्ञको राय वा प्रतिवेदन कुनै कुरा, तथ्य वा घटना प्रमाणित गर्न एक्लो निर्णायक प्रमाण (Single Deterimental Evidence) नभए पनि त्यो एउटा महत्वपूर्ण प्रमाण हो । र, अन्य प्रमाणसँग मिलेमा, साक्षी वबपत्र वा पक्षको भनाइसँग मिल्न भिड्न आएमा विशेषज्ञको प्रतिवेदनले ठोस र निर्णायक प्रमाणको रूप ग्रहण गर्न मिल्ने ।

विशेषज्ञको राय, प्रतिवेदन, निश्चित ठोस र वैज्ञानिक तर्कहरू र रसायनिक परीक्षणबाट निकालिएका निष्कर्षहरूमा आधारित रहनुका अतिरिक्त विशेषज्ञले अदालतमा आई परीक्षण प्रक्रिया र निष्कर्ष एवं प्रतिवेदनलाई पुष्ट्याँई हुने गरी स्पष्ट एवं द्विविधारहित ढंगले बकपत्र गरिदिएको अवस्था छ । यस्तो अवस्थाको प्रतिवेदनलाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

मुद्दा परिसकेपश्चात् आफूअनुकूल प्रमाण सिर्जना गर्दै जाने र अदालतले पनि त्यस्ता प्रमाणलाई मान्यता दिँदै जाने हो भने न्याय निरूपणको कार्य जटिल बन्न पुग्छ । विवादमा रहेको तथ्यलाई नै फरक पार्ने किसिमबाट पछि सिर्जना गरेको प्रमाणलाई न्यायको रोहमा प्रमाणित महत्व दिइँदैन । उक्त कुनै पनि लिखतमा वा लिखत खडा हुने प्रक्रियाको कुनै चरणमा पनि बेचन ठाकुर वा अन्य कुनै प्रतिवादीको लिखतमा वा लिखत खडा हुने प्रक्रियाको कुनै चरणमा पनि बेचन ठाकुर वा अन्य कुनै प्रतिवादीको स्वीकारोक्ति वा संलग्नता रहेको देखिएको छैन । यस्तो अवस्थामा मुद्दा परेपछि एकतर्फी ढंगले सिर्जना गरिएको प्रमाणको आधारमा वादीको नाता र अंशसम्बन्धी दावीको पुष्टि नहुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल जेठ २६ गते रोज ४ शुभम् ।

४

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ०२६३, कीर्ते जालसाजी, *घिसनी केवटीन समेत वि. कन्हईप्रसाद केवट*

"वारेसनामा र तामेलीको म्यादवालाको ल्याप्चेछापसँग अदालतबाट लिइएको नमूना ल्याप्चे छापको आकृति नै आपसमा फरक-फरक भै नभिडेको" भनी विशेषज्ञको राय प्राप्त हुन आएकोले फिराद दावीको २०५६ सालको दे.नं. १५९३ को फैसला बदर मुद्दाको मिति २०५६।१०।२४ को तामेली म्याद, मिति २०५६।१०।२५ को वारेसनामा र मिति २०५६।११।१ मा प्रस्तुत मुद्दाका वादी कन्हई प्रसाद केवटको नाउँबाट दर्ता भएको प्रतिउत्तर समेतका सबै व्यवहार जालसाजी क्रियाबाट खडा गरिएको देखिँदा वादी दावी नपुग्ने गरी शुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी भै प्रतिवादीहरू घिसनी केवटिन समेतलाई वादी दावीबमोजिम कीर्ते कागजको १ र ३ नं. को कसूरमा सोही महलको ७ र १० नं. बमोजिम सजाय भई २०५६।१०।२४ को इतलायनामाको म्याद, २०५६।१०।२५ को वारेसनामा र २०५६।११।१ को प्रतिउत्तर समेतका सबै व्यवहार निष्क्रिय हुने ।

इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल असोज ७ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६३ सालको फौ.पु.नं. ०२६४, कीर्ते जालसाजी, *घिसनी केवटिन समेत वि. कन्हईप्रसाद केवट* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६४-CR-०५४८, साधक नं. ००६१, कर्तव्य ज्यान, *हर्कजङ्ग लावती वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरेन्द्रराज सापकोटा*

घटनासम्बन्धमा प्रतिवादीहरूले दिएको बयान र घटनाका प्रत्यक्षदर्शी अम्बिकाप्रसाद र ताराले गरेको बकपत्र तथा निजहरू र मृतकको शरीरमा लागेको चोटको प्रकृति समेतका बीचमा सामञ्जस्यता देखिएको छ । मिसिल संलग्न रहेको मृतकको फोटोबाट घटनाको विभत्स रूप देखिएको छ । बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको घाइतेको अवस्था दर्शाउने प्रतिवेदन (Injury Report) बाट घाइते अम्बिकाप्रसाद र तारा सापकोटाको शरीरमा लागेको घाउ चोटको प्रकृति काटिएको भै गम्भीर देखिएको छ । त्यस आधारमा पनि वारदातमा प्रतिवादीहरूको संलग्नता रहेको र निजहरूको खुकुरी जस्तो जोखिमी हतियारको प्रयोग गरेको भन्ने कुरा स्पष्ट रूपमा देखिने ।

झापाको दमकदेखि सुरेन्द्रराजको साथमा आई दिनभर गाउँ नजिकैको बारीमा बसी साँझ परेपछि मात्र मृतकको घरमा पुग्ने, साथमा खुकुरी राख्ने, मृतकसँगै रहेका छोरा अम्बिका र बुहारी तारा समेत तीन-तीन जनालाई घाइते बनाई तीमध्ये एकजनाको मृत्यु समेत हुने क्रिया १८ वर्ष उमेरका सुरेन्द्रराज सापकोटा एक्लैले गरे होलान् भनी अनुमान गर्न सकिँदैन । आफूसँगै लामो दूरीको यात्रा पार गरी गएका साथी सुरेन्द्रले आफ्नो समेत चिनजान भएका आफ्नै गाउँका एकजना बृद्ध मानिसलाई खुकुरी प्रहार गर्दा कुनै प्रतिकार समेत नगरी चुपचाप बसेको भनी लिएको जिकीरलाई स्वाभाविक मान्न नसकिने ।

प्रतिवादी हर्कजङ्ग लावती र अर्का प्रतिवादी सुरेन्द्रराज सापकोटाले मृतक अग्निप्रसाद सापकोटालाई ज्यान मार्ने नियतले खुकुरी जस्तो जोखिमी हतियार प्रहार गरेको भन्ने कुरा घटनासम्बन्धी तथ्यहरूबाट पुष्टि हुन आएको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. को कसूरमा ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६७ साल कात्तिक १० गते रोज ४ शुभम् ।

६

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** फौ.पु.नं. ०६५-CR-०४९०, CR-०५७७, ०६५७, ०६७-CR-००६८, कर्तव्य ज्यान, *हिजन राई समेत वि. नेपाल सरकार, नेपाल सरकार वि.हिजन राई, मनोज लिम्बू वि. नेपाल सरकार, बुधन लिम्बू वि.नेपाल सरकार*

परिस्थितिजन्य प्रमाणको संृखलाहरूबाट अभियोग दावीलाई समर्थन भएको स्थितिमा प्रत्यक्ष प्रमाणकै विद्यमानतामा हुनुपर्ने भन्न मिल्दैन । फौजदारी मुद्दामा परिस्थितिजन्य प्रमाणले पनि आफ्नै खालको महत्व रहेको हुन्छ । परिस्थितिजन्य प्रमाणहरूबाट अभियोग दावीलाई समर्थन गरेको अवस्थामा प्रत्यक्ष प्रमाणको अभाव रहेको भन्ने तर्क ग्राह्य नहुने ।

इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६७ साल पुस ७ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** २०६५ सालको दे.पु.नं. ०६५-CI-००४९, लिलाम टिप्पणी आदेश र दर्ता बदर दर्ता, *कृपलचन्द्र झा समेत वि. गौरीशंकरप्रसाद यादव*

जसरी धितो लिलाम गर्दा नपुग हुने रकम बैंकले ऋणीको अन्य सम्पत्तिबाट पनि असूलउपर गर्नुपर्ने हुन्छ । त्यसरी नै धितो लिलाम गर्दा ऋणले खामेदेखि बाहेकको रकम वा बढी हुन आएको रकम पनि ऋणी वा धितोलाई फिर्ता गर्नु बैंकको दायित्वभित्रै पर्न आउने देखिन्छ । यसअनुरूपको व्यवहारलाई मात्र न्यायोचित व्यवहार मान्नुपर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल कात्तिक २८ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कल्याण श्रेष्ठ,** २०६२ सालको स.फौ.पु.नं. ३२८५, ३४२८, सवारी ज्यान, *बसन्तलाल महतो वि. नेपाल सरकार, नेपाल सरकार वि. बसन्तलाल महतो*

प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानलगायत अनुसन्धानका क्रममा संकलित घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का लगायतका सबूद प्रमाणको मूल्याङ्कन गरी प्रतिवादीले चलाएको सवारी साधन (ट्रयाक्टर) को ठक्करबाट नै मृतकको मृत्यु भएको देखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल कात्तिक ३० गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको फौ.प.नं. ३४०७, काठ चोरी निकासी, *नेपाल सरकार वि. रौदी राय यादव समेत*

प्रमाण ऐन, २०३१ को दफा १८ ले तहकीकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भै बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था गरिएको सन्दर्भमा मौकामा कागज गर्ने र सर्जमीनका व्यक्ति अदालतमा आई बकपत्र नगरेको अवस्थामा ती कागज र बयानलाई प्रमाणमा लिन मिल्ने नदेखिने ।

मिसिल संलग्न सबूद प्रमाणबाट यी प्रतिवादीहरू कसूरदार हो भन्ने प्रमाणित हुन नसकेको अवस्थामा अदालतमा बयान गर्दा वारदातमै इन्कार भएका अन्य प्रतिवादीको मौकाको पोलको आधारमा मात्र यी प्रतिवादीहरू वारदातमा संलग्न थिए र दावीअनुसारको कार्य गरेका हुन् भनी कसूर ठहर गर्न मिल्ने नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको रिट नं. ००३४, बन्दीप्रत्यक्षीकरण, *पुनम खतिवडा वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

आफ्नो अधिकारक्षेत्रअन्तर्गत पर्ने मुद्दाको अभियोगपत्रसाथ पेश हुन आएका मिसिल संलग्न कागज प्रमाण एवं प्रतिवादीले गरेको बयान समेतको आधारमा निवेदक विदेशी नागरिक हुँदा निजलाई अ.बं. ११८(३) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएको देखिन्छ । यस स्थितिमा अधिकारप्राप्त अदालतमा दायर रही कारवाहीयुक्त अवस्थामा रहेको मुद्दामा निवेदकले आरोपित कसूर गरेको हो वा होइन भन्ने सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट प्रमाणको मूल्याङ्कन गरी निवेदकले कसूर नगरेको भन्ने निष्कर्ष निकाली जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा प्रभाव पार्ने गरी जिल्ला अदालतबाट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेशको तह-तह अदालतबाट परीक्षण भैसकेको अवस्थामा निवेदकको थुनालाई गैरन्यायिक थुना भनी बदर गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६७ सालको रिट नं. ००३३, बन्दीप्रत्यक्षीकरण, *सहाना अख्तर वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको स.फौ.पु.नं. १२२, १५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महेन्द्रप्रसाद चौलागाई, महेन्द्रप्रसाद चौलागाई वि. नेपाल सरकार*

केवल शंका विश्वास र अनुमानदेखि बाहेक प्रत्यक्षदर्शी प्रमाण कुनै केही देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ ले कसूर प्रमाणित गर्ने भार वादीउपर रहन्छ । जबसम्म शंकारहित तवरले कसूर प्रमाणित हुँदैन तबसम्म कसूर कायम गर्नु हुँदैन, शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने सर्वमान्य सिद्धान्तले समेत ठोस रूपमा प्रमाणित नहुँदासम्म कसूर कायम गर्न मिल्दैन । त्यसैले रातिसँगै थिए, व्यक्तिको मृत्यु भएको छ, दुबै पक्षबीच लेनदेनको कारोवार थियो भन्ने आधारले मात्र आशंका र अनुमानको भरमा प्रतिवादीले इवी राखी मनसायपूर्वक खटप्रसाद देवकोटाको हत्या गरेका हुन् भन्न मिल्ने नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री रणबहादुर बम,** २०६६ सालको फौ.पु.नं. ००७९, ००२३, गैंडा मारी बिक्री, *बमबहादुर प्रजा वि. नेपाल सरकार, बेदबहादुर बोटे वि. नेपाल सरकार*

सामान्यतया अदालतले बयान बकपत्र गराउँदा शक्तिको प्रयोग गर्दैन र त्यहाँको काम स्वतन्त्रपूर्वक हुन्छ भन्ने ठानिन्छ । यो सर्वमान्य मान्यता र वास्तविकता पनि हो । प्रमाण ऐन, २०३१ को दफा २(क) ले मुद्दा हेर्ने अधिकारीलाई समेत अदालतको परिभाषाभित्र समेटेको छ । प्रतिवादीले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेका छन् । प्रमाण ऐन, २०३१ को दफा ९ मा अदालतबाहेक अन्यत्र गरेको कागज स्वतन्त्रतापूर्वक भएको छैन भनी प्रमाणित भएको स्थितिमा मात्र त्यस्तो बयान वा कागजलाई मान्यता दिन नमिल्ने हो । मौकाको बयान नै स्वेच्छाले भएको होइन भनी प्रतिवादीले पुष्टि गर्न नसकेको स्थितिमा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयानलाई स्वेच्छापूर्वक भएको होइन भनेकै आधारमा प्रतिवादीको वयान स्वेच्छापूर्वक छैन र सो बयान निजको विरूद्ध प्रमाण लिन मिल्दैन भन्न नमिल्ने ।

अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान नै स्वतन्त्र छैन भन्ने कुरा मान्ने हो भने समग्र न्याय प्रणाली र कानूनी पद्धति नै परिवर्तन गर्नुपर्ने स्थिति आउँछ । त्यसैले अदालत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान स्वतन्त्रपूर्वक भएको छैन भन्ने जिकीरलाई कानूनी मान्यता र सिद्धान्तको आधारमा नै स्वीकार गर्न नसकिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६ सालको रिट.नं. WO-०६६९, उत्प्रेषणयुक्त परमादेश समेत, *रामचन्द्र कँडेल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदकको छोरा प्रसुन कँडेललाई अपहरण गरी बेपत्ता पारेको भनी जाहेरी दरखास्त दिएको अवस्थामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को व्यवस्थाअनुसार महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौंले सो मुद्दामा अनुसन्धान कारवाही अगाडि बढाउनु पर्नेमा दर्ता भएको निवेदन नै दर्ता भएको छैन वा जाहेरी दरखास्त नै परेको छैन भनी जाहेरी दरखास्त गुम राखी कानूनले तोकेको अनुसन्धान तहकीकात गरी मुद्दाको कारवाही अगाडि बढाउनु पर्नेमा, दर्ता भएको निवेदन नै दर्ता भएको छैन वा जाहेरी दरखास्त नै परेको छैन भनी जाहेरी दरखास्त गुम राखी कानूनले तोकेको अनुसन्धान तकीकात गर्ने कर्तव्य पालन गरेको नदेखिदा, निवेदकले महानगरीय प्रहरी परिसर (तत्कालीन जिल्ला प्रहरी कार्यालय) मा द.नं. ६९२ मिति २०५८।४।३१ मा दर्ता गरेको जाहेरी दरखास्तकासम्बन्धमा कानूनबमोजिम अनुसन्धान तहकीकात समेतको कामकारवाही तत्काल अगाडि बढाउने भनी विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौंका नाममा र यथाशीघ्र कानूनबमोजिम अनुसन्धान पूरा गरी गराई अभियोगपत्र दर्ता गर्ने सम्बन्धमा तुरून्त टुङ्गो लगाई कानूनबमोजिम गर्नू गराउनू समेत भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : लीलाराज अधिकारी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६७ सालको रिट नं. ००१४, बन्दीप्रत्यक्षीकरण, *युनुस अन्सारी वि. काठमाडौं जिल्ला अदालत, बबरमहल समेत*

प्रतिवादीले गरेको बयान समेतको आधारमा निवेदकलाई अ.बं. ११८(२) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएको र सो आदेशलाई पुनरावेदन तहबाट समेत परीक्षण गरी सकिएको अवस्था देखिन्छ । यस स्थितिमा अधिकार प्राप्त अदालतमा दायर रही कारवाहीयुक्त अवस्थामा रहेको मुद्दामा निवेदकले आरोपित कसूर गरेको हो वा होइन भन्ने सम्बन्धमा प्रस्तुत रिट निवेदनबाट प्रमाणको मूल्याङ्कन गरी निवेदकले कसूर नगरेको भन्ने निष्कर्ष निकाली जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा प्रभाव पार्ने गरी जिल्ला अदालतबाट निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेशको तह-तह अदालतबाट परीक्षण भैसकेको अवस्थामा निवेदकको थुनालाई गैरन्यायिक थुना भनी बदर गर्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर १४ गते रोज ३ शुभम् ।

९

**मा.न्या. श्री खिलराज रेग्मी र माननीय न्यायाधीश श्री प्रकाश वस्ती,** २०६७ सालको रिट नं.०५९५, उत्प्रेषण, *केशवराज शर्मा समेत वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

सहन्यायाधिवक्ता डिल्लीरमण आचार्यलाई अनुसन्धान अधिकारीको रुपमा अधिकार प्रत्यायोजन गरिएका आयोगको सचिवद्वारा नियुक्त गरिएको नभई आयोगका पदाधिकारी कार्यरत् रहेको अवस्थामा स्वयं आयोगले नै मिति २०६६।९।१४ मा नियुक्त गरेको र निजले आयोगको निर्णय कार्यान्वयन गर्नेसम्मको कार्य गरेको देखिएकाले यससम्बन्धी प्रश्न अर्थपूर्ण देखिन नआउनुका साथै आयोगले विधिवतरुपमा अनुसन्धान अधिकारी नियुक्त गरी सोअनुरूप आयोगद्वारा निवेदकहरूको वयान लिई सोका आधारमा हाल निवेदकहरूका विरुद्धमा विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भई कारवाहीयुक्त अवस्थामा रहेको पाइएको र सो मुद्दा दायर भएको कारणवाट निवेदक हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ बमोजिम स्वतः निलम्वित भएको अवस्था देखिन आएबाट स्वतः कानूनबमोजिम हुने कुरालाई अन्यथा भन्न नमिल्ने ।

सिद्धान्ततः अन्तरिम आदेश भन्नाले निवेदक उपर विपक्षीबाट हुने संभावित कार्य रोक्न निश्चित अवधिका लागि कुनै काम नगर्नु नगराउनु भनी अदालतबाट जारी हुने अस्थायी प्रकृतिको आदेशलाई जनाउँछ ।

संविधान एवं कानूनअनुरूप अधिकार प्राप्त अधिकारीले अनुसन्धान तहकिकात गरी हाल निवेदकहरूका विरुद्धमा सक्षम निकाय विशेष अदालतमा भ्रष्टाचारको अभियोगमा मुद्दा दायर भै सकेको अवस्थामा कानूनअनुरूप निवेदकहरू स्वतः निलम्वित भएको अवस्था देखिन आएको र निवेदकहरू जस्ता उच्च तहका सार्वजनिक पदमा वहाल रहेका व्यक्तिहरूको प्राथमिक कर्तव्य आफूविरुद्ध लागेको अभियोगको प्रतिरक्षा गर्नु रहेको सोअनुरूप प्रतिरक्षा गर्न पाउने निवेदकहरूको संवैधानिक एवं कानूनी हक जीवन्त रहेको अवस्थामा निजहरूको के कुन रुपको हक हनन् भई निवेदकहरूलाई अपूरणीय क्षति भएको हो भन्ने तथ्य निवेदन व्यहोरामा स्पष्टरुपमा खुलाउन सकेको नदेखिने ।

सार्वजनिक हितको सिद्धान्त विशेष गरी सार्वजनिक हित एवं उपयोगिता, सार्वजनिक आवश्यकता र सार्वजनिक सुविधासँग सम्बन्धित रहेको पाइन्छ । यसै गरी सार्वजनिक हितले सबै जनताको हित र कल्याण गर्ने अवधारणालाई पनि आत्मसात् गरेको हुन्छ । सार्वजनिक हितसम्बन्धी यही मान्यतालाई ग्रहण गरी जनतालाई निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ग) मा राज्यको दायित्व पनि निर्धारण गरिएको पाइन्छ । उल्लिखित सन्दर्भवाट हेर्दा निवेदकहरूलाई आफूसमक्ष परेको उजूरी सम्बन्धमा कारवाही अगाडि बढाई भ्रष्टाचारको कसूरमा अनुसन्धान, तहकिकात गरी विशेष अदालतमा मुद्दा दायर गरेको विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य राज्यको दायित्वअन्तर्गत रहेको जनताबीच स्वच्छ प्रशासन कायम गरी सुशासन कायम गर्नेतर्फ नै उन्मूख रहेको

देखिएकाले सार्वजनिक हित र सरोकारको सिद्धान्तवाट पनि सुविधा सन्तुलन निवेदकको पक्षमा रहेको नदेखिने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(७) अनुरूप विपक्षी आयोगले अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने अधिकार नेपाल सरकारको कर्मचारीलाई सुम्पन सक्ने व्यवस्था गरेको सोअनुरूप आयोगले २०६६।९।२० मा सचिवलाई अधिकार सुम्पिएको देखिएको, निवेदकहरूका सम्बन्धमा आयुक्तहरू बहाल रहेकै अवस्थामा मिति २०६६।९।१४ मा अनुसन्धान अधिकृत तोकेको देखिएको, निवेदकले यो यति कारणले आफूलाई अपूरणीय क्षति हुन पुगेको भनी निवेदनमा स्पष्ट जिकीर लिन नसकेको, अधिकार प्राप्त अदालतमा मुद्दा दायर भै कारवाही अघि बढिसकेको अवस्था देखिएको, सोअनुरूप अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ अनुसार निवेदकहरू स्वतः निलम्बित हुन पुगेको तथा संविधानको धारा ११९ र १२०(७) को परिप्रेक्ष्यबाट हेर्दा संवैधानिक निकायको रुपमा कार्यरत् रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानले कुनै पनि समयमा निष्क्रिय हुने अवस्थाको परिकल्पना नगरेको समेतका स्थितिबाट विचार गर्दा पछि निवेदन किनारा हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाल सक्षम अदालतमा विचाराधीन मुद्दाको कारवाहीलाई रोक्ने गरी अन्तरिम आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिने ।

इति संवत् २०६७ साल पुस ३० गते रोज ६ शुभम

१०

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रिट निवेदन नं. ००२९, बन्दीप्रत्यक्षीकरण, *शीला महर्जन (मगर) वि. काठमाडौं जिल्ला अदालत समेत*

मुद्दाको अनुसन्धान तहकीकात गर्ने क्रममा अधिकार प्राप्त प्रहरी कार्यालयले निवेदकलाई पक्राउ गरी नियम कानूनबमोजिम काठमाडौं जिल्ला अदालतबाट थुनामा राख्न अनुमति लिई थुनामा राखेको देखिँदा, निवेदकलाई पक्राउ गरेको र थुनामा राखेको कार्य गैरकानूनी देखिन आएन । कानूनबमोजिमको थुनामा बन्दीप्रत्यक्षीकरणको आदेश गरी हुन नसक्ने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०६७ साल मंसिर ५ गते रोज १ शुभम् ।

११

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. WO-०७७४, उत्प्रेषण परमादेश समेत, *नारायणप्रसाद पाण्डे समेत वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ अनुसारको कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको नियुक्ति लिई कार्यरत् रहिरहेको अवस्थामा सोही ऐनको दफा २४ अनुसारको कार्यक्षमताको मूल्याङ्कनको बढुवा रोज्न पाउने नदेखिँदा यी निवेदकहरूले कार्यक्षमताको बढुवा रोज्न नपाउने र ऐनको दफा २४घ१ अनुसारको बढुवा कायम गर्ने गरी सम्बन्धित मन्त्रालयहरू र आयोगका बढुवा समितिको सिफारिश सदर गरेको निर्णयमा कुनै त्रुटि भएको नदेखिने ।

इजलास अधिकृत : लीलाराज अधिकारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६५ सालको रिट नं. WO-०७३२, उत्प्रेषण परमादेश, *दिनानाथ मिश्र वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको फौ.पु.नं. ०१८५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रविन अधिकारी समेत*

प्रतिवादी निलम अधिकारीको अदालतमा भएको बयान समेतबाट उक्त वारदातको समय निजको उपस्थिति रहेको भन्ने कुरा पुष्टि हुन आएको र वारदातको कुरा घा जाँच केश फारामबाट समेत प्रमाणित भएको देखिन आएको छ । यसका अतिरिक्त यी प्रतिवादी नीलम अधिकारीले आफूउपर अङ्गभङ्गको कसूर अपराध गरी ठहऱ्याई कैद सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई स्वीकार गरी चित्त बुझाई बसेको देखिन्छ । साथै चिकित्सकको प्रतिवेदन तथा बकपत्र समेतबाट पीडितको काटिएको हात काम नलाग्ने भन्ने नभई थप उपचारबाट पूर्ववत अवस्थामा पुग्नसक्ने भन्ने उल्लेख भएको देखिएको र कुटपीटको हलको ६ नं. अन्तर्गत खत निको भई काम लाग्ने भएमा २ वर्ष कैद सजाय गर्नुपर्छ भन्ने उल्लेख भएको पाइँदा र सोहीअनुसार निज प्रतिवादीलाई २ वर्षको कैद सजाय हुने ।

प्रतिवादी रविन अधिकारी र मीलन अधिकारी समेतले पीडितलाई खुँडा प्रहार गरी घाइते बनाएको भन्ने देख्ने चश्मदीद् गवाहको अभाव रहेको साथै वादी पक्षबाट निजहरूको समेत उक्त वारदातमा संलग्नता रहेको थियो भन्ने त्यस्तो स्वतन्त्र एवं ठोस सबूद प्रमाण पेश गरी पुष्टि गर्न सकेको समेत नदेखिएको अवस्थामा बिना आधार प्रमाण अनुमानकै भरमा उक्त वारदातमा निजहरू समेतको संलग्नता रहेछ भनी कसूरदार ठहऱ्याई सजाय गर्न नमिल्ने।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०६७ साल मंसिर २० गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री बलराम के.सी र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको स.फौ.पु.नं. ३७१०, भ्रष्टाचार, *परेस तुलाधर वि. श्री ५ को सरकार*

प्रतिवादीको प्रमाणपत्र सम्बन्धमा मौकामा झिकाइएको जवाफबाट स्पष्ट रूपमा सक्कली नभएको भनी लेखी आएको र अड्डा अदालतबाट कुनै जवाफ नमागिएको, नबुझिएको तथा नझिकाइएको अवस्थामा प्रतिवादी स्वयंले पेश गरेको पछिल्लो पत्रमा उल्लिखित अङ्क समेत नभिडेको भनी पुनः लेखी आएको अवस्थामा निजको प्रमाणपत्र सक्कली भन्न नमिल्ने ।

उक्त प्रमाणपत्र पेश गरी कुनै फाइदा नलिएको हुँदा सजाय हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकीरसम्बन्धमा विचार गर्दा प्रस्तुत विवादास्पद प्रमाणपत्र प्रतिवादीले आफू कार्यरत् संस्थामा पेश गरेको कुरामा विवाद भएन । कुनै पनि कार्य आपराधिक कार्य हो होइन भन्ने सम्बन्धमा तत्कालीन समयमा समाजमा विद्यमान मूल्य मान्यता र त्यस कार्यलाई अपराधीकरण गर्ने कानूनी व्यवस्थामा ध्यान दिनु पर्दछ । सार्वजनिक संस्थामा कार्यरत् कर्मचारीले नक्कली प्रमाणपत्र बनाई पेश गर्दछ भने यहाँ उक्त प्रमाणपत्रबाट फाइदा लिइयो कि लिइएन भन्ने प्रश्न नै नआउने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल मंसिर २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी.र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०९०१, परमादेश, *नेपाल वातावरणीय कानून व्यवसायी संघ (नेला) समेत वि. प्र.म. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका विषयहरूमा एच.आई.भी. संक्रमितहरूको सम्मानपूर्वक जीउने अधिकार (Right to life with dignity) को अधिकार नै आघातीत हुन पुगेको अवस्था देखिन्छ । यो समस्यालाई मानव अस्तित्व र विकासको दृष्टिकोणले खतरा मान्नु पर्ने देखिन आउँछ । प्रस्तुत मुद्दाको सिलसिलामा यो समस्यालाई आर्थिक, शैक्षिक, स्वास्थ्य तथा कानूनी रूपले सम्बोधन गर्ने कुरामा पनि राज्यले गम्भीरतापूर्वक सोची आफ्नो उत्तरदायित्व निर्वाह गर्न ढिला गर्नु नहुने ।

कानूनले कुनै पनि भेदभावलाई निषेध गर्दछ, जुनसुकै आधारमा कुनै पनि भेदभावविरूद्ध सम्पूर्ण व्यक्तिलाई कानूनको समान एवं प्रभावकारी संरक्षणको प्रत्याभूति गर्नेछ भन्ने व्यवस्था गरेको छ । मानव अधिकारसम्बन्धी यस महासन्धीलाई अनुमोदन गरी पक्षधर हुने राष्ट्रले यस धारणाको प्रतिकूल हुने गरी भेदभावको व्यवहार गर्न नपाइने अन्तर्राष्ट्रिय कानूनी दायित्व रहन्छ । नेपाल पनि यस महासन्धिको पक्षधर राष्ट्र बनिसकेको यस व्यवस्थालाई लागू गराउनु राज्यको उत्तरदायित्व हुने ।

संविधान प्रदत्त हकहरूको आफ्नै महत्वहरू छन् । कुनै एउटा हक आफैँमा पूर्ण र निरपेक्ष हुँदैन र एउटा हकको उपभोगको लागि अन्य हकहरू पनि सम्बन्धित र सहायक हुन्छन् । एउटा हकको उल्लंघनले अर्को हकको उपभोगमा पनि बाधा पुऱ्याउन सक्छ । त्यसैले हकको कुनै प्रश्नलाई मौलिक हकसम्बन्धी व्यवस्थाको समग्र परिपूरकताको आधारमा पनि हेर्न जरूरी हुन्छ । जस्तै एच.आई भीं. संक्रमितको जीवनको हक मात्रैलाई विचार गर्ने हो भने पनि सो उसको स्वास्थ्यको हकको संरक्षण्को लागि पनि जरूरी हुन आउँछ । यसै गरी ती संक्रमितहरू तथा निजका परिवाररूलाई रोजगारी शिक्षाका हकबाट अन्यथा असर पर्न नदिन, शिक्षा, स्वास्थ्य, रोजगारी, सम्पत्तिको हकहरूको संरक्षण गर्न जरूरी हुने ।

राज्यबाट गरिनु पर्ने समान व्यवहार र दिनु पर्ने सेवाबाट एच.आई. भीं. संक्रमित तथा प्रभावित बालबालिका बञ्चित हुनु परेको स्थिति देखिएको छ । यस्तो भेदभावपूर्ण अवस्था र तिनीहरूले भोग्नुपरिरहेको

बहिस्करणको स्थितिबाट अदालत निरपेक्ष रहन सक्दैन । यसरी एच.आई.भी. संक्रमित र प्रभावित बालबालिकाको संविधानप्रदत्त हकहरूको लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२(च) अनसार एच.आई.भी. संक्रमित बालबालिकाहरूलाई वर्गीकरण गरी छुट्टै विशेष व्यवस्था गरी तिनीहरूको कल्याणको लागि तुरून्त उचित कदम चाली शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुताको हकको ग्यारेन्टीको लागि आवश्यक कानूनहरूको निर्माण गरी समुचित प्रवन्ध गरिनु आवश्यक हुने ।

इजलास अधिकृत : दीपक खरेल

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल असोज १५ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी.र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको रिट नं. ०९५६, उत्प्रेषण, *महमुद आलम सिद्दिकी वि. राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर समेत*

कुनै पनि निकायमा कार्यरत् कर्मचारीहरूले संगठनको नियम कानूनको पालना गर्नुपर्ने कुरामा दुई मत हुँदैन । संगठनमा अनुशासन कायम राखी नियमित रूपमा कार्य सञ्चालन गर्न कर्मचारीसम्बन्धी ऐन, नियमले कर्मचारीले पालना गर्नु पर्ने शर्त तथा आचरणहरूको समेत व्यवस्था गरेको हुन्छ । यी निवेदकले राष्ट्रिय खेलकुद परिषद्को कर्मचारी सेवा शर्तसम्बन्धी नियम २०४९ द्वारा निर्दिष्ट अनुशासन, Maintain नगरेकाले कारवाही गरिएको देखिन्छ । एकातर्फ उक्त कारवाहीउपर साधिकार निकायमा पुनरावेदन गरेको देखिँदैन । भने अर्कोतर्फ गलत मिति उल्लेख गरी बिलम्ब गरी अदालत प्रवेश गरेको देखिन्छ । निवेदकले भनेको मितिमा निवेदक विरूद्ध कुनै कारवाही भएको देखिँदैन । यस अदालतको असाधारण क्षेत्र Invoke गर्न आउनेले कुन विपक्षीबाट के कुन मितिमा आफूलाई सजाय गरेको हो ? विपक्षीको नाम, सजाय गर्ने निर्णय भएको भए मिति आदि उल्लेख गर्नुपर्छ । निर्णयको सही व्यहोरा उल्लेख गर्ने काम निवेदकको हो । अदालतले यस्तो गल्ती सच्याउँदैन । जुन मितिको निर्णय बदर गर्न माग गरेको हो उक्त मितिमा कुनै निर्णय नै भएको नदेखिदा रिट खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल मंसिर २६ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** रिट नं. २०६३-WO-०६६९, उत्प्रेषणयुक्त परमादेश, *कविराम डाँगी वि. टेकबहादुर डाँगी*

साधारण अधिकारक्षेत्रअन्तर्गतको मुद्दामा भएको अन्तिम फैसलालाई असाधारण अधिकारक्षेत्रका माध्यमबाट हेरिने वा जाँच गरिने प्रचलनलाई मान्यता दिइने हो भने न्यायिक अनुशासन र मर्यादाको उल्लंघनको साथै न्यायपालिकाप्रतिको सर्वसाधारणको विश्वासमा समेत ह्रास उत्पन्न हुने खतरा रहन जान्छ । त्यसैले सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्रको प्रयोग गरी हेरिएका मुद्दामा भएका फैसलालाई यस अदालतबाटै अर्को अर्थात् असाधारण अधिकारक्षेत्रको प्रयोग गरी जाँच गर्ने प्रचलनलाई कतैबाट पनि प्रोत्साहन र बढावा दिइनु हुँदैन । यदि त्यसो गरिन्छ भने यस अदालतबाट साधारण अधिकारक्षेत्रबाट हेरिएका मुद्दामा भएका अन्तिम फैसलाहरू सदैव कमजोर र अस्थिर हुन जान्छन्, जो न्यायिक सिद्धान्त र मान्यता विपरीत हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६७ असोज ८ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रेम शर्मा,** दे.पु.नं. २०६५-CI-०५४३, ०५४४, बण्डापत्र लिखत दर्ता बदर, *बलराम अधिकारी समेत वि. शक्ति अधिकारी, प्रेमकुमारी अधिकारी समेत वि. शक्ति अधिकारी*

प्रतिवादी बलराम अधिकारीका भागमा क्षेत्रफल र मूल्य दुबै दृष्टिबाट तुलनात्मक रूपमा धेरै घटी गरी सम्पत्ति भागबण्डा गरेको देखिन आयो । वादीहरूले निज प्रतिवादी बलराम अधिकारीबाटै अंश पाउने हुँदा प्रतिवादीहरूले परस्पर मिलेमतो गरी वादीहरूलाई अंश भागमा फरक पार्न मनसायपूर्वक प्रतिवादी बलराम अधिकारीका भागमा थोरै सम्पत्ति पर्ने गरी बण्डापत्र लिखत पारित गरेको देखिन आयो । मुलुकी ऐन अंशबण्डाको महलको २ नं. मा अंशबण्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ भन्ने व्यवस्था रहेको छ । अतः सो कानूनी व्यवस्थाविपरीत वादीहरूलाई थोरै मात्र सम्पत्ति अंशभागमा पार्ने यस्तो दूषित अभिप्रायबाट

प्रेरित भई प्रतिवादीहरूले आफूहरू बीच गरेको बण्डापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ०६५-CI-००५४२, अंश चलन, *बलराम अधिकारी वि. शक्ति अधिकारी,* दे.पु.नं. ०६५-CI-००५४५, *प्रेमकुमारी अधिकारी समेत वि. शक्ति अधिकारी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रेम शर्मा,** दे.पु.नं. २०६५-CI-०६८५, अंश, *महबुब अली साई वि. बिलकिस बानो*

पुनरावेदकले २०२८।१२।१४ मा आमा मरिनाका नाम दर्ताको जग्गा नामसारी गरिपाऊँ भनी निवेदन दिँदा अपुताली खाने अरू कोही नभएको व्यहोरा उल्लेख गरेको पाइँदैन । त्यस्तै प्रत्यर्थी वादीका पतिका नाममा २०६४।९।२७ अगाडि कुनै पैतृक सम्पत्ति दाखेल खारेज गरेको पाइँदैन । त्यस्तै प्रत्यर्थी वादीका पतिका नाममा २०३४।९।२७ अगाडि कुनै पैतृक सम्पत्ति दाखेल खारेज वा नामसारी भएको भन्ने पनि देखिन आउँदैन । यसबाट २०२६ सालमै घरसारमा अंशबण्डा भइसकेको भन्ने यी पुनरावेदक प्रतिवादीको जिकीर समर्थित हुन आएन । अत: पैतृक सम्पत्ति मात्र बण्डा गर्नुपर्नेमा अ.बं. १३९ नं. बमोजिम बुझी प्रतिवादी बनाएका प्रतिवादी महमुदका छोराहरूले आर्जन गरेको सम्पत्ति समेत बण्डा गर्ने गरेको शुरू फैसला मिलेको नहुँदा शुरू फैसला केही उल्टी गरी पैतृक सम्पत्तिसम्म बण्डा हुने ।
इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ९४७७, जग्गा खिचोला दर्ता बदर, *भिखन यादव वि. मिनादेवी साह समेत*

वादीले राजीनामा गरिलिँदा प्रष्ट कि.नं. ९ भन्ने उल्लेख गरी क्षेत्रफल समेत जनाई जग्गाको "साविक नं. मा" साविक कित्ता नं. ८४९ भन्नेसम्म उल्लेख भएको देखिन्छ । पुनरावेदकले खरीद गर्नुपूर्व नै साविक कि.नं. ८४९ को नापीमा कि.नं. ८ र ९ जनिई नापी भैसकेको अवस्था देखिएको छ । त्यसउपर समयमै साविक जग्गाधनीको दावी विरोध देखिएको छैन । पुनरावेदक वादीले किटानी रूपमा कि.नं. ९ राजीनामा गरी लिएको अवस्थामा केवल राजीनामामा साविक कि.नं. भनी ८४९ उल्लेख गरेकै आधारमा साविक कि.नं. ८४९ पूरै जग्गा पुनरावेदकले राजीनामा गरिलिएको भनी सो उल्लिखित ८४९ को कित्ताले कि.नं. ८ मा समेत समेट्छ भन्ने अर्थ गर्न मिल्ने हुँदैन । ससीम कित्ता भन्नाले पुनरावेदक वादीले किटानी रूपमा राजीनामा गरिलिएको कि.नं. ९ को जग्गाको अवस्था जनाउँदछ । पुनरावेदकले ०-५-७ जग्गा मात्र खरीद गरेकोमा प्रतिवादीले दर्ता गराएको ०-१८-१२ जग्गा पनि मेरो हो भनी दावी गर्न नमिल्ने ।
इजलास अधिकृत : खड्ग अधिकारी
कम्पयुटर : निर्मला भट्ट
इति संवत् २०६७ साल असोज १२ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ०१६८, दर्ता फुटाई अंश भोगको सम्पत्ति चलन चलाई नाउसारी गरिपाऊँ, *ज्ञानमती मिश्र वि. तुल्सीदेवी मिश्र समेत*

अंश जस्तो नैसर्गिक हकमा अंशियारले पाउनु पर्ने सम्पत्ति नपाएसम्म वा विधिवत् अंश हक छोडेसम्म अंश छुट्याई लिन पाउने हुँदा सानातिना प्राविधिक कारण देखाई अंश हक भएको सम्पत्तिमा अंशियारलाई सो हकबाट बञ्चित गर्नु न्यायोचित नदेखिने ।

फिरादमा दावी गरेको कि.नं. ५१७ र ५१८ को जग्गाहरू २०४३ सालमा फिराद दिंदा उक्त कित्ता उल्लेख गर्न नसकेको भन्दैमा उक्त जग्गाबाट वादीले अंश परित्याग गरेको भनी अर्थ गर्न मिल्दैन । हक परित्याग गरेको कुरा प्रत्यक्ष रूपमै देखिनु पर्दछ । प्रतिउत्तर जिकीरअनुसार फिरादपत्रमा ती जग्गा लेखी पछि काटिएको भन्ने पनि देखिँदैन । अदालतमा रहेको मिसिल संलग्न कागजातलाई नै आधिकारिक मान्नु पर्ने हुन्छ । आफूलाई प्रेषित प्रतिलिपिमा ती कित्ता लेखी काटिएबाट दावी नै नभएको भन्न नामिल्ने ।
इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०५६०, गुठी जग्गा दर्ता गरी मोही कायम, *शान्तबहादुर थापा समेत वि. मालपोत कार्यालय, कास्की*

मोही हक प्राप्तिको विवादमा मुद्दा सुनी शुरू कास्की जिल्ला अदालतले गरेको फैसला र सोउपर पुनरावेदन लिई पुनरावेदन अदालत पोखराबाट भएको फैसला समेत क्षेत्राधिकारको अभावमा स्वत: बदरभागी भएकोले उक्त फैसला बदर भै वादीको पुनरावेदनपत्र नै खारेज हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असोज १७ गते रोज १ शुभम् ।

२.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१-WO-३१९६, उत्प्रेषणयुक्त परमादेश, *विशालबजार कम्पनी लिमिटेड वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

सर्वसाधारण जनताको उपभोग्य सामानको आपूर्तिको लक्ष्यसमेत राखी सोको निमित्त नेशनल ट्रेडिङ लिमिटेड, खाद्य संस्थान र तत्कालीन कृषि सामग्री संस्थान जस्ता संस्थानहरूको शेयर अंश रहेकोबाट पुष्टि हुन्छ । एउटा कानूनी व्यक्तित्वधारी कम्पनीको सञ्चालक समितिको नेतृत्व एउटा सरकारी पदाधिकारीबाट २०४६ साल भन्दा अगाडिसम्म हुनु र कुनै पनि शेयर होल्डरका लागि आपत्तिजनक नहुनुबाट कम्पनीमा नेपाल सरकारको कुनै सम्बन्ध सरोकार थिएन र छैन भन्ने निवेदन कथन कानूनसंगत छैन । कुनै पनि कम्पनीले बिना स्वामित्व हक सरकारी पदाधिकारीलाई अध्यक्ष पदमा बीस वर्षसम्म बस्न दियो होला भन्ने कुरा प्रतीतलायक नहुने ।

आफैंले स्वीकारी आफैंले गरेको आग्रहअनुसार नै भए गरेका कामकारवाहीलाई अहिले आएर आफैले कुनै स्पष्ट आधार बिना चुनौती दिन मिल्ने देखिँदैन । कानूनी व्यक्तित्वधारी निवेदकका आफ्ना पूर्व निर्णय, काम र कारवाहीले नै प्रस्तुत निवेदनलाई निरर्थक र निष्प्रयोजित देखाएको छ । यसका अतिरिक्त कम्पनीको साधारणसभामा प्रस्तुत भएका मिसिल संलग्न लेखापरीक्षण प्रतिवेदनमा कम्पनीको जग्गा सम्पत्तिको रुपमा केवल ज.रो ४-०-० मात्र देखाइनुबाट पनि बाँकी जग्गा आफ्नो स्वामित्वमा आई नसकेको स्वयम् स्वीकारेको बाहेक अर्को अर्थ लाग्ने सक्न स्थिति नहुने ।

समन्यायिक सिद्धान्तमा आस्रित यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गर्दा अदालतले अपनाउने आत्मसंयम, विवेकशीलता र सक्रियताका लागि पक्षको सदाशयताको पनि त्यत्तिकै आवश्यकता पर्दछ । आफ्नो मौलिक तथा कानूनी हक आघातीत भएको भनी दावी लिने कर्ताले अदालतलाई झुक्याउने, ढाट्ने र छलछाम गरी आफ्नो पक्षमा निर्णय लिने अभिप्राय राख्न नहुने ।

निवेदक कम्पनीको सम्पत्तिमा नेपाल सरकारको स्वामित्व रहेको उल्लिखित अंशका सम्बन्धमा निर्णयानुसार काम शीघ्र सम्पन्न हुन आवश्यक छ । सरकारी सम्पत्तिको लाभको प्रतिफल समस्त नागरिकले पाउनु पर्ने हुन्छ । यस्तो सम्पत्ति नि:शुल्क उपभोग गरिरहन कसैले पाउनु न्यायका दृष्टिले उचित हुँदैन । ढिलाईले सम्पत्तिको मूल्यबृद्धि हुने र समस्या समाधानमा थप जटिलता उत्पन्न हुने हुँदा निवेदकले नै नेपाल सरकारको स्वामित्वको भनी स्वीकारको र सरकारले पनि ज.रो ८-४-० भनी स्वीकारिसकेको उक्त काठमाडौँ महानगरपालिका वडा नं. २४ कि.नं. १९२ को जग्गा मध्ये ज.रो. ८-४-० को कम्पनीले शुरु देखिनै प्रयोग र भोगचलन गरेको सन्दर्भ समेतलाई आधार लिई उक्त जग्गाको मूल्य बराबरको शेयर नेपाल सरकारले पाउनु पर्ने गरी यी कार्य शीघ्र सम्पन्न हुन आवश्यक देखिने ।

इजलाश अधिकृत : गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६७ साल भदौ १४ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री गौरी ढकाल,** रिट नं. ०६६-WH-००६५, बन्दीप्रत्यक्षीकरण, *लक्ष्मण चौलागाई वि. पुनरावेदन अदालत पाटन समेत*

अ.बं. १९४ को देहाय (२) मा, "पुर्पक्ष निमित्त थुनामा राख्न नपर्ने मुद्दा भएमा वा थुनामा नबसेको भएमा पुनरावेदन निर्णय नभएसम्मका लागि पुनरावेदन सुन्ने अड्डाले धरौटमा राख्न सक्नेछ" भन्ने कानूनी व्यवस्था

रहेको पाइन्छ । सो कानूनी व्यवस्थाबमोजिम मुद्दाको कारवाहीको सिलसिलामा पुर्पक्ष निमित्त थुनामा नबसेको अवस्था भएमा मात्र अ.बं. १९४(२) नं. को सुविधा निजलाई उपलब्ध हुन सक्ने स्पष्ट छ । तर निज पुर्पक्ष निमित्त थुनामा बसेको भन्ने तथ्य निजले रिट निवेदनमा स्वीकार गरेको पाइन्छ । कानूनबमोजिम बाहेक कसैलाई थुनामा राखेको अवस्थामा निजको स्वतन्त्रताको हक हनन् भएको भनी सम्झन पर्ने र यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न सकिने हुन्छ । त्यस्तै कानूनको असमान प्रयोग भएको वा कानूनको दुराशययुक्त प्रयोग गरिएको वा पूर्वाग्रहपूर्ण ढंगबाट थुनामा राखेको भन्ने अथवा कानूनको प्रयोगमा गम्भीर त्रुटि गरी थुनामा राखेको भन्ने समेतको अवस्था तथ्यपूर्ण रूपमा अथवा प्रत्यक्ष रूपमा देखिन आए अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी स्वतन्त्रताको प्रचलन गराउन सकिने हुन्छ । तर यी निवेदक बहुविवाह मुद्दामा पुर्पक्ष निमित्त थुनामा बसेको देखिएको अवस्थामा सो अ.बं. १९४(२) नं. को अवस्था विद्यमान रहेको देखिएन । यस्तो अवस्थामा पुनरावेदन अदालतले पुनरावेदनको अवस्थासम्म निजलाई धरौटमा राख्न इन्कार गरेको देखिंदा सो कानूनको प्रयोगमा त्रुटि भएको वा कानूनको दुराशययुक्त प्रयोग भएको वा असमान प्रयोग भएको भन्ने समेतको अवस्था नदेखिँदा कानूनबमोजिम भएको कामकारवाहीबाट निवेदकको स्वतन्त्रतासम्बन्धी संवैधानिक हक हनन् भएको भन्न नमिल्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल असार ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ताहिर अली अन्सारी,** ०६३-CI-७९३, अंश चलन समेत, *मखमली मिश्र समेत वि. लक्ष्मीकुमारी मिश्र (श्रेष्ठ)*

कानूनले जुन उद्देश्य र प्रयोजनको लागि जे जो प्रमाणपत्र वा सूची अधिकारप्राप्त अधिकारीबाट जारी गरिएको हुन्छ, सो प्रमाणपत्र वा सूचीलाई सो उद्देश्य बाहेक अन्य उद्देश्य वा प्रयोजनमा सहायक प्रमाणको रूपमा ग्रहण गर्न सकिने भए पनि आधारभूत र निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न कानूनसंगत हुँदैन । प्रस्तुत अंश मुद्दामा कसैको अंश हक कायम गर्न वा नगर्न अंश मुद्दाको Merit तथा सम्बद्ध प्रमाणहरूलाई नै आधार मानी निर्णय गर्नुपर्ने हुन्छ । मतदाता नामावली वा मतदाता परिचयपत्रलाई अंशियार वा नाता प्रमाणपत्रको रूपमा ग्रहण गर्न नमिल्ने ।

पुनरावेदक मखमली मिश्र र असर्फीलाल भन्ने केदार मिश्र प्रतिवादी रविशंकर मिश्रको जैविक माता पिता नभएको भनी डि.एन.ए. परीक्षण प्रतिवेदन प्राप्त भएको अवस्थामा तथा सो परीक्षण गर्ने विशेषज्ञले आफ्नो परीक्षण र प्रतिवेदनको आधिकारिकता एवं यथार्थता (Accuracy) को सम्बन्धमा अदालतमा साक्षी सरह बकपत्र गरिदिएको अवस्थामा सो बकपत्र जीरहको माध्यमद्वारा अन्यथा देखिन नआए अदालतले त्यस्तो वैज्ञानिक परीक्षण प्रतिवेदनलाई अमान्य गर्ने कानूनी आधार देखिँदैन । साथै जीरह समेतबाट अन्यथा देखिन नआएको विशेषज्ञको रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम अदालतले प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । यस्तो हालसम्मको सर्वमान्य DNA जस्तो वैज्ञानिक परीक्षणको आधारमा विशेषज्ञले दिएको रायलाई त्यस्तै वैज्ञानिक परीक्षण गर्ने विशेषज्ञको अन्यथा राय भएमा मात्र खण्डन गर्न सकिने हुन्छ । तर वादीको विशेषज्ञको राय खण्डन हुने कुनै सारभूत प्रमाण पेश गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा DNA प्रतिवेदनअनुसार प्र. रविशंकर मिश्र यी पुनरावेदकहरूको जैविक छोरा नभएको भन्ने प्रतिवेदन रायको विद्यमानतामा पुनरावेदक प्रतिवादीले स्वीकार नगरेको निर्वाचन कार्यालयको मतदाता नामावली तथा परिचयपत्रमा उल्लिखित व्यहोराले मान्यता पाउन सक्ने अवस्था हुँदैन र सो मतदाता नामावली र परिचयपत्र मात्रको आधारमा प्रतिवादी रविशंकर मिश्र, प्र. मखमली मिश्र र असर्फीलाल भन्ने केदार मिश्रको छोरा भएको भन्ने ठहर गर्न र पुनरावेदकबाट अंश पाउँछ भन्न नमिल्ने ।

रविशंकरको नाममा सम्पत्ति देखिए निजबाट मात्र यी वादीले दावीबमोजिम अंश पाउने हुँदा यी पुनरावेदकको सम्पत्ति समेतबाट अश दिलाई पाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम
कम्प्युटर : प्रेमबहादुर थापा/विदुषी रायमाझी
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको स.फौ.पु.नं. ३७०१, आयकर, *विष्णुप्रसाद नेपाल वि. शंकरलाल अग्रवाल*

क्लियरिङ खर्च उद्योगको कच्चा पदार्थ आयात गर्दा भारतको कलकत्ता पोर्टमा सो कच्चा पदार्थ आएपछि सो माल क्लियरिङ गराउदा एजेन्टलाई बीलबमोजिम भुक्तानी रकम दिएको भनी क्लियरिङ एजेन्टबाट सो क्लियरिङ चार्जसम्बन्धी बील पेश भई सोहीबमोजिम रकम उद्योगले भुक्तानी दिई लेखा राखेको देखिदा लेखामा जनिएको यस्तो प्रमाणित खर्चलाई कानूनबमोजिम आयकर प्रयोजनका लागि कर कार्यालयले मिनाहा दिनुपर्नेमा खुद आयमा समावेश गरेको देखिदा रीतपूर्वकको खातामा जनिएको खर्चलाई खुद आयमा समावेश नगरी मिनाहा हुने ठहर्‍याएको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिने।

इजलास अधिकृत : हरिश्चन्द्र इङ्नाम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख २८ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको २०६२ सालको फौ.पु.नं. ३७०२, आयकर, *विष्णुप्रसाद नेपाल वि. शंकरलाल अग्रवाल* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको ०६५-CI-०७५९, परमादेश, *निर्मलाकुमारी चौधरी समेत वि. जिल्ला विकास समितिको कार्यालय, सुनसरी समेत*

स्थानीय विकास मन्त्रालयबाट जारी भएको परिपत्रको बुँदा नं. १० लाई आधार मानी यी निवेदक पुनरावेदकहरूले आफूहरूलाई सोही पदमा पुनर्नियुक्ति गराउन समेतको माग दावी लिई परमादेशको आदेश जारी गरी पाउन निवेदन दायर गरेकोमा पत्र व्यहोराबाटै स्थानीय विकास मन्त्रालयले जारी गरेको परिपत्रको व्यहोराबाटै स्थानीय विकास मन्त्रालयले जारी गरेको परिपत्रको बुँदा नं. १० को व्यहोरा प्रशासकीय प्रकृतिको निर्देशन सरह देखियो। स्थानीय विकास मन्त्रालयले दिएको उक्त प्रशासकीय प्रकृतिको निर्देशनको बुँदा नं. १० ले कानूनको स्थान ग्रहण नगर्ने र पुनरावेदकहरूको कुनै हक सिर्जना हुन नसक्ने हुनाले परमादेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल भदौ १० गतेरोज ५ शुभम्।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको ०६३-CI-०१७४, परमादेश, *मोहनकृष्ण सापकोटा वि. हरेकृष्णप्रसाद सिँह समेत*

सार्वजनिक निकायको रूपमा रहेको विपक्षी जिल्ला प्रशासन कार्यालय सप्तरीले आफूसमक्ष परेका निवेदनहरूको कानूनले निर्धारित गरेको विधि प्रक्रिया एवं निर्दिष्ट अधिकारक्षेत्र ग्रहण गरी फछ्र्यौट गर्नुपर्नेमा सो नगरेबाट पुनरावेदन अदालत राजबिराजबाट आफूसमक्ष परिरहेको निवेदनमा जो जे गर्नुपर्ने गरी निकासा दिने कार्य गर्नु भनी दिएको परमादेशको आदेशमा जो जे गर्नुपर्ने गरी निकासा दिने कार्य गर्नु भनी दिएको परमादेशको आदेशमा कानूनी त्रुटि नदेखिने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम्।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको ०६५-CI-०२३३, निषेधधाज्ञा, *झगबहादुर डगौरा वि. जिल्ला वन कार्यालय, कञ्चनपुर समेत*

निषेधाज्ञाको आदेश जारी हुन निर्विवाद हक भोगको अवस्था विद्यमान हुनुपर्दछ। दावीको जग्गाको विषयमा वन कार्यालयले आफ्नो जग्गा भनी दावी लिई सुकुम्बासी समस्या समाधान आयोगद्वारा वितरित जग्गाधनी प्रमाण पूर्जाको वितरण प्रक्रियामा नै प्रश्न उठाई सो आयोगद्वारा वितरण गरिएका जग्गाधनी प्रमाण पूर्जा बदरतर्फको कारवाही प्रारम्भ गरिसकेकोले दावी लिएको जग्गामा यी पुनरावेदक निवेदकको निर्विवाद हक स्थापित हुन नसकिरहेको यस्तो अवस्थामा निवेदकले निवेदनमा जिकीर लिएकै भरमा स्वामित्वको विवादित जग्गालाई निवेदकको निर्विवाद हक मागको जग्गा भनी मान्न नमिल्ने।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम्।

- यसै प्रकृतिको २०६५ सालको ०६५-CI-०२३२, निषेधाज्ञा, *जग्गुलाल डगौरा चौधरी वि. जिल्ला वन कार्यालय, कञ्चनपुर समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको ०६६-CI-००५१, परमादेश, *मोहनप्रकाश चन्द वि. गौरी शाही समेत*

जुन मुद्दाको विषयमा उठाइएको दायित्वको सन्दर्भमा वादीको निवेदन परी प्रतिवादीहरूका नाउँका जग्गाहरू रोक्का रहेको हो सो मुद्दाबाट प्रतिवादीहरूले उक्त मुद्दाको फैसलाले कुनै दायित्व व्यहोर्न नपर्ने ठहर भै उक्त फैसला अन्तिम भएपछि सोही मुद्दाको रोहमा रहेका रोक्का जग्गाहरू फुकुवा गर्न माग गर्ने अधिकार यी प्रत्यर्थीहरूको सुरक्षित रहने ।

प्रस्तुत विवादबाट सिर्जित दायित्वको दावीका सम्बन्धमा अधिकारक्षेत्र स्वीकार गर्ने तर सोही मुद्दाका विषयबाट उठान भै यी प्रत्यर्थीहरूको रोक्का रहेको जग्गाका विषयमा जुन मुद्दा परी रोक्का रहेको हो सो मुद्दा नै अन्तिम भै बसेको र प्रत्यर्थीहरूले दावीबाट फुर्सद पाई रोक्का रहेको जग्गा फुकुवा गरिपाऊँ भनी कानूनले स्पष्ट रूपमा तोकेको अधिकारक्षेत्र भएको अदालतमा रिट निवेदन दायर गरेको हुँदा अधिकारक्षेत्र ग्रहण गर्न नहुने भनी लिएको पुनरावेदन जिकीर कानूनसंगत नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको ०६३-CI-०१८४, पर्खाल भत्काई बाटो निकासा खुलाई पाऊँ, *कविकुमार टिवरेवाला समेत वि. राजेश्वरी थापा समेत*

वादीले दावी लिएको बाटोको स्थिति सार्वजनिक भएको भन्ने वस्तुनिष्ट प्रमाण पुनरावेदक वादीले पेश हुन समेत सकेको देखिँदैन । साविकदेखि नै सो दावीको जग्गाको दक्षिणतर्फ निकास बाटो समेत नभएको तथ्य संलग्न नापी नक्सा एवं फिल्डबुक ट्रेस समेतबाट देखिदा माग दावीकै भरमा अस्तित्व नै नभएको बाटोलाई अस्तित्व कायम गरी दिन नमिल्ने ।

वादीले आफ्नो दाता जनकप्रसाद मिश्रले जग्गाको हक प्राप्त गर्दा नै विवादित जग्गाको दक्षिणतर्फको बाटो देखाई लिएको प्रमाण पेश गर्न सकेको एवं कि.नं. १५७२ को जग्गाको लागि कानूनबमोजिम स्थापित बाटो नदेखिएसम्म अनुमानका आधारमा बाटो कायम रहेको मान्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६३-CR-०५५७, अदालतको अपहेलना, *कविकुमार टिवरेवाला वि. किरण राजेश्वरी थापा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** ०६३-CI-१०२०, निषेधाज्ञा, *कविकुमार टिवरेवाला वि. किरण राजेश्वरी थापा समेत*

सार्वजनिक बाटो निकासमा विपक्षीद्वारा पर्खाल निर्माण गर्ने प्रवल आशंका उल्लेख गरी अदालत प्रवेश गरे पनि उक्त विवादित बाटोको अवस्थालाई उल्लेख गर्दै सो विवादित जग्गामा पहिले नै पर्खाल निर्माण भैसकेको भन्ने वस्तुस्थिति मुचुल्काबाट खम्बीर भैरहेको अवस्थामा निवेदकको व्यहोरालाई आधार मानी मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** ०६५-CI-०२५५, निषेधाज्ञा, *चिराग फोम प्रा.लि. समेत वि. मालपोत कार्यालय भरतपुर समेत*

विपक्षी बनाउनु पर्ने निकायलाई विपक्षी नै नबनाई कुनै कार्यालयले दिएको आदेश कार्यान्वयनसम्म गर्ने निकाय मालपोत कार्यालय भरतपुरलाई मात्र विपक्षी बनाई निषेधाज्ञाको मुद्दा दायर भएकोमा सो निवेदनमा अधिकारक्षेत्रको अभावमा लिखित जवाफ नै नमगाई निवेदन नै खारेज गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको आदेश मिलेकै देखिदा सदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०२६६, घर

जग्गा तेरो मेरो, *चन्द्रदत्त कँडेल वि. आग्येबहादुर रामजाली समेत*

प्रशासनिक प्रकृतिको आदेशउपर पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्ने पुनरावेदन अदालतसमक्ष पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) समेतले प्रदान गरेको नदेखिदा प्रशासनिक प्रकृतिको कुनै आदेशउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न नसक्ने हुनाले दर्ता नै हुन नसक्ने पुनरावेदन दर्ता भएको देखिएको आधारलाई पुनरावेदनको विषयवस्तुभित्र प्रवेश नै गरी निर्णय गर्न नपर्ने हुँदा पुनरावेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. २५६१, उत्प्रेषणयुक्त परमादेश, *लेखनाथ शर्मा वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय, कमलपोखरी समेत*

बढुवाको फाराम भर्ने म्यादको अन्तिम समयसम्म आफ्नो शैक्षिक योग्यता समेतका प्रमाणपत्र देखाउन नसक्ने वा पेश नगर्ने रिट निवेदकको माग सम्बन्धमा विचार गर्नुपर्ने कुनै औचित्य समेत नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख ७ गते रोज ३ शुभम् ।

१०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** ०६५-CI-०१७७ निषेधाज्ञा, *दुःखी यादव वि. शिवशंकर यादव समेत*

पुनरावेदकको निर्विवाद हक स्थापित नभएको अवस्थामा उक्त जग्गा ठेक्कामा लिई माछा पालन गरेकोमा विपक्षीहरूद्वारा माछा मारी दिने प्रवल आशंकाको विद्यमानता देखाई परेको निवेदनउपर निषेधाज्ञाको आदेश जारी हुन नसक्ने हुँदा मागबमोजिमको आदेश जारी नगरी रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ १० गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६३ सालको दे.पु.नं. ०२६९, निषेधाज्ञा, *चन्द्रदत्त कँडेल वि. आग्येबहादुर रामजाली समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको WO-०६८७, उत्प्रेषण समेत, *उज्वलराज कँडेल वि. सडक बोर्ड नेपाल काठमाडौं समेत*

निवेदक र विपक्षी सडक बोर्डका बीच सम्पन्न सम्झौतमा तय भएको विधि र प्रक्रियाबाट निवेदकलाई हर्जानाबापतको रकमका लागि पत्राचार गरिएको भनी विपक्षी सडक बोर्डको लिखित जवाफबाट देखिएको र निवेदक स्वयंले समेत सडक बोर्ड र निजका बीच सम्पन्न आ.व. ०५८/०५९ को सम्झौताको Condition of Contract को दफा ४(जे) लाई स्वीकार गरेको समेत मिसिलबाट देखिएकोले यस्तो करारको तथ्यको कार्यान्वयनको विषयमा रिट क्षेत्राधिकारबाट हेर्न समेत मिल्ने नहुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन परेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको WO-०५१९, उत्प्रेषण समेत, *कृष्णबहादुर लामा वि. बाबुराम लामा समेत*

निवेदकको रोक्का रहेको तलब फुकुवा भै भुक्तानी दिई सकिएको कुरा विपक्षी नेपाल प्रहरी प्रधान कार्यालय उजुरी छानबीन शाखा समेतको लिखित जवाफबाट देखिएको र रोक्का भएको तलव भत्ता समेत फुकुवा भै निजले भुक्तानी समेत लिएको अवस्था विद्यमान भएको एवं निवेदकका विरूद्ध विपक्षीहरूबाट पछि कुनै हस्तक्षेप गरेमा कानूनी उपचारको प्राप्तिका लागि वैकल्पिक उपचारको अवस्था विद्यमानता रहेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज भै यस अदालतबाट मिति २०६५।११।२६।२ मा जारी भएको अन्तरिम आदेश समेत निष्क्रिय हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

१३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको WO-०५४३, उत्प्रेषण, परमादेश, *शिवचेला शर्मा वि. प्रहरी प्रधान कार्यालय समेत*

प्रहरी संगठनमा कार्यरत् प्रहरी कर्मचारीका हकमा प्रहरी ऐन तथा ऐजनको नियमावली, २०४९ ले निर्दिष्ट गरेको कानूनी कार्यविधि अवलम्बन नगरी एवं सेवाबाट बर्खास्त गर्दा वा सेवाबाट हटाउँदा अपनाउनु पर्ने स्पष्ट कानूनी कार्यविधि समेत नअपनाई एवं सेवाबाट हटाउनु पूर्व यी रिट निवेदकका नाउँमा जारी भएको सूचना समेत रीतपूर्वक तामेल नगरी निजलाई केवल खोजतलासको नाममा निजको स्पष्ट उल्लेख भएको वतनमा नगई अन्यत्र सूचना तामेल गरी सोही सूचनालाई आधार मानी यी रिट निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको मध्यक्षेत्र प्रहरी तालीम केन्द्र भरतपुरको मिति २०६४।१।७ को निर्णय प्राकृतिक न्यायको सिद्धान्त एवं प्रहरी नियमावली, २०४९ को नियम ८९(२) विपरीतको भै कानूनसम्मत नहुँदा सो निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मिति २०६४।६।२१ मा मध्यक्षेत्र प्रहरी कार्यालय कर्मचारी प्रशासन शाखा हेटौंडाको पुनरावेदन निर्णय समेतका तत्सम्बन्धी सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

१४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको ०६४-WO-०२४४, उत्प्रेषणयुक्त परमादेश, *मनिषराज शाक्य वि. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समेत*

निवेदकलाई उपलब्ध गराइएका रूटहरूमा जहाजहरू सञ्चालन भए नभएको अनुगमन गर्ने निकायका रूपमा रहेको नागरिक उड्डयन प्राधिकरणबाट पाएको जानकारीअनुरूप निवेदकलाई उपलब्ध गराइएको रूटमा जहाज सञ्चालन नगरेको अवस्थालाई मध्यनजर राखी निवेदकका सिट घटाई अर्को कम्पनीलाई दिएको अवस्था देखिन्छ । निवेदकको वायु सेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र (AOC) नवीकरणसम्बन्धमा निवेदकले नवीकरणको लागि दिइएको पत्रको सम्बन्धमा विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०६६।१२।२७ को पत्रबाट निवेदकको वायु सेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र (AOC) नवीकरण नभै अनुमति तथा प्रमाणपत्र रद्द भैसकेको भन्ने व्यहोरा उल्लेख गरी निवेदक कस्मिक एयर प्रा.लि. लाई सम्बोधन गरी पत्र पठाइएको समेत देखिएबाट वायु सेवा सञ्चालनको अनुमति तथा प्रमाणपत्र (AOC) नै बहाल नरहेको अवस्थामा निवेदकले दावी गरेको सिट संख्या निजलाई नै दिलाउनु भनी लिएको जिकीरलाई आधार मानी मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

१५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३४३७, कीर्ते जालसाजी, *रामदेव साह तेली वि. रामएकवाल पाण्डे*

दावीमा उठाइएको भरपाइको विवाद सद्दे वा कीर्ते के हो त्यसतर्फ केही नबोली अन्य विषयतर्फ शुरू धनुषा जिल्ला अदालतबाट दावीभन्दा असान्दर्भिक तथ्यको विवेचना गरी फैसला भएको देखियो । यसरी वादी दावीमा सीमित रही निर्णय गर्नु पर्ने कुरामा प्राप्त प्रमाणका आधारमा दावीका विषयमा इन्साफ बोल्नुपर्नेमा स्पष्ट अधिकारक्षेत्र ग्रहण गरेको निकायले दावी नै नलिएको विषयमा बोल्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

१६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३५७३, ३५७४, भारतीय नक्कली नोट खोटा चलन, *मुरारी कुसवाहा कोइरी वि. नेपाल सरकार, ललनप्रसाद गुप्ता वि. नेपाल सरकार*

आफूबाट बरामद भएका नोटका सम्बन्धमा अन्यथा भन्न नसकेको अवस्थामा केवल साथमा राखेकोसम्म हुँ भन्ने जिकीरको भरमा जाली नोट जस्तो संवेदनशील वस्तुको बरामदीलाई अन्यथा भन्न मिल्ने हुँदैन । प्रतिवादी रामप्रवेश चौधरीसँग यी प्रतिवादीसँगै रहेको अवस्था देखिएकोमा राम प्रवेशले ललनप्रसाद गुप्तालाई नोट राख्न दिएको भने पनि उक्त नोटहरू लिई साथै हिंडेको अवस्थामा पक्राउ परी बरामद भएको देखिँदा

ललनप्रसाद गुप्ताको नोटको अनभिज्ञता भएको भन्ने आधारमा निजलाई कसूरको दायित्वबाट उन्मुक्ति दिन नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

१७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०३५९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. तिलक गुरूङ्ग,*

जबर्जस्ती करणी, पीडितको स्वास्थ्य परीक्षण गर्दा शुक्रकीट नभेटिएको, निजको स्वास्थ्य परीक्षण गर्दा Attemped Rape भन्ने उल्लेख भएतर्फ हेर्दा स्वयं पीडित एवं प्रतिवादीले समेत वीर्य स्खलन भएको भनी उल्लेख गर्न नसकेको अवस्थामा परीक्षणको क्रममा शुक्रकीट नपाइनु अस्वाभाविक हुँदैन । स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले जबर्जस्ती करणीको उद्योग भएको भनी राय दिएतर्फ हेर्दा जबर्जस्ती करणी भएको हो वा होइन भन्ने कुरा मिसिल संलग्न तथ्य, प्रमाण एवं कानूनको न्यायिक परीक्षण गरी व्यक्त हुने न्यायिक निष्कर्ष भएकोले चिकित्सकको रायलाई न्यायिक निष्कर्ष मान्न मिल्दैन । स्वास्थ्य परीक्षणकर्ता चिकित्सकले तथ्य एवं कानूनको विश्लेषण गरी बोलिने ठहर निर्णय बोल्न उपयुक्त हुने समेत हुँदैन । चिकित्सकको लागि लिङ्ग प्रवेशको स्थिति जति महत्वपूर्ण हुन्छ, कानूनको दृष्टिमा त्योभन्दा कडा दृष्टिकोण लिन सकिन्छ, अन्यथा जबर्जस्ती करणीको उद्योगको स्थितिलाई हेर्ने दृष्टिकोणमा फरक आउन सक्ने ।

प्रतिवादीले पीडितको योनीमा घर्षण गरेको कुरा विवादरहित रूपमा स्थापित भएको देखिन्छ । सो अवस्थामा आफूलाई दुखी रोई कराई गरेको भनी पीडितले व्यक्त गरेको देखिदा योनीभित्र लिङ्ग पूर्ण रूपमा प्रवेश नगरेको भए पनि घर्षणले योनी दुख्छ भने लिङ्गले योनीमा छुनु, दुख्ने गरी घोच्नुले पनि योनीमा लिङ्ग प्रवेशको प्रारम्भिक स्थितिलाई देखाउँदछ । जबर्जस्ती करणीको कसूरमा योनीमा लिङ्ग पूर्ण प्रवेश हुनु पर्दछ भन्ने पुरानो मान्यता हुन सक्ला योनीमा घर्षण हुनु वा आंशिक प्रवेशको स्थितिलाई समेत जबर्जस्ती करणीको रूपमा लिनु पर्ने हुँदा जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद ठहर हुनेमा प्रतिवादी तिलक गुरूङ्गको जन्म मिति २०४८।३।५ मा भएको देखिदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम ५ वर्ष कैद गरी जबर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको अंशबाट आधा अंश पीडितले पाउने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १४ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ५५४, निषेधाज्ञा, *सुरेशमान श्रेष्ठ वि. पृथ्वीनारायण नगरपालिका कार्यालय*

घर निर्माण गर्दा आफ्नो जग्गामा सीमित रही निर्माण गर्नुपर्नेमा सोबमोजिम नगरी सार्वजनिक जग्गामा सीमित रही निर्माण भएको कुरालाई निवेदक स्वयंले स्वीकार गरी पटक-पटक कागज गरिदिएको समेत देखिन्छ । निवेदकलाई घर भत्काउन भनी नगरपालिकाले २०६०।१।२ मा दिएको आदेशमा चित्त नबुझेको भए सोउपर कानूनबमोजिम पुनरावेदन गर्न पाउनेमा सोबमोजिम पुनरावेदन गरेको भन्ने समेत देखिँदैन । त्यसरी निर्माण भएको घरमध्येको सार्वजनिक जग्गामा पर्ने घरको भाग सम्मलाई नगरपालिकाले कानूनबमोजिम भत्काउने आदेश दिई केही भाग भत्काई पनि सकेको र बाँकी भाग भत्काउँदा सम्पूर्ण घरमा असर पर्न सक्ने भएकोले निवेदक आफैले भत्काउने शर्तमा छाडिदिएको । यस्तो स्थितिमा निवेदनमा उल्लेख भएअनुसार विपक्षी नगरपालिकाले गैरकानूनी तवरबाट निवेदकको घर भत्काउने आशंकाको स्थिति विद्यमान नरही सो काम र सोसम्बन्धी कारवाही नै सम्पन्न भइसकेको अवस्था हुँदा अद्यापि घर भत्काउने आशंकाकै स्थिति रहेको छ भन्ने पुनरावेदन जिकीर मनासिब नदेखिने ।

इजलास अधिकृत : फणिन्द्रप्रसाद पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको दे.पु.नं. ५५५, परमादेश,

*सुरेशमान श्रेष्ठ वि. पृथ्वीनारायण नगरपालिका कार्यालय समेत*

ऐनले अनधिकृत रूपमा सार्वजनिक जग्गा समेत समावेश हुने गरी तयार भएको नक्सा पास नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । सोअनुसार सार्वजनिक बाटो लगायतको जग्गा छाडी सार्वजनिक खोल्सीको जग्गा नमिच्ने गरी निवेदकले पूरक नक्सा निवेदन पेश गरेको अवस्थामा नियमानुसार नक्सा पासतर्फ कारवाही हुने र कानूनबमोजिम नक्सा पास हुने नै देखिन्छ । सोही व्यहोराको लिखित जवाफ नगरपालिकाले दिएको समेत देखिन्छ । तर, यी निवेदकले पेश गरेको नक्सा पास निवेदनमा नगरपालिकाले गराएको जाँचबुझबाट सार्वजनिक सडकतर्फ परेको प्रस्तावित घरको मोहडामा सार्वजनिक सडकतर्फ निर्धारित मापदण्डअनुसार नहुनुका अतिरिक्त सार्वजनिक खोल्सीको जग्गा समेत परेको देखिएबाट सो निवेदनमा उल्लेख गरिएको क्षेत्रफल र डिजाइनअनुसार घरको नक्सा पास हुन नसक्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २९ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको दे.पु.नं. ०६५२, २०६६ सालको दे.पु.नं. ०१३४, अंश चलन, *राकेश ज.ब.रा. वि. श्रीधर ज.ब.रा. समेत, सस्मीता राणा वि. राकेश ज.ब.रा*

दाइजो पेवाबाट प्राप्त गरेको सम्पत्ति भनी तायदातिमा उल्लेख गर्दैमा त्यस्तो सम्पत्ति दाइजोबाट प्राप्त भएको मान्न मिल्दैन, सोको तथ्ययुक्त प्रमाण पनि पेश गर्नुपर्ने ।

बण्डा लाग्ने भनी ठहर खण्डमा उल्लेख भएकोमा तपसील खण्डमा सो सम्बन्धमा केही उल्लेख भएको नदेखिएको र सो जग्गा समेत बण्डा लाग्ने प्रकृतिको हुँदा सो जग्गाबाट समेत वादीले ४ भागको १ भाग अंश पाउने नै देखिदा सो जग्गा बण्डा लाग्ने भनी तपसील खण्डमा उल्लेख नगरेको हदसम्म पुनरावेदलन अदालतको फैसला मलेको देखिएन । उक्त कि.नं. ४६ को जग्गाबाट समेत वादीले अंश पाउने ।

यसरी वादी दावी पुग्ने ठहरी फैसला भएपछि वादीले प्रतिवादीबाट कोर्टफी ऐन, २०१७ को दफा १५ बमोजिम कोर्टफी भरी पाउनेमा सोबमोजिम कोर्टफी नभराएको पुनरावेदन अदालतको फैसला मिलेको देखिएन । अतः वादीले प्रतिवादीबाट कोर्टफी भराई लिन पाउने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल भदौ ३० गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६ सालको दे.पु.नं. ०९१३, निषेधाज्ञा, *चक्रलाल श्रेष्ठ वि. बद्रीबहादुर खत्री समेत*

विवादित अचल सम्पत्तिको स्वरूप परिवर्तन हुने आशंकाको स्थितिमा स्वामित्व विवादसम्बन्धी मुद्दा विचाराधीन रहेको अदालतले नै सो विवादित अचल सम्पत्ति यथास्थितिमा राख्न र आवश्यक परे निर्माण कार्य गर्न नदिने आदेश जारी गर्न सक्ने व्यवस्था अदालती बन्दोबस्तको १७१क नं. ले गरेको छ । सोअनुसार यी पक्ष विपक्षबीचको जग्गा खिचोला मुद्दा हेर्ने अदालतले आदेश जारी गर्न सक्ने नै हुँदा विवादित स्वामित्वसम्बन्धी कुराको हकमा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री सुशीला कार्की,** ०६४-CR-६८२, बहुविवाह, *नेपाल सरकार वि. हनुमान चौधरी समेत*

दाम्पत्य सम्बन्ध कायम रहेकै प्रमाणले यी प्रतिवादीउपरको बहुविवाहको अभियोग पुष्टि गर्न सक्ने अवस्था देखिन आउँदैन । प्रतिवादी हनुमान चौधरीले अनुसन्धानको क्रममा स्वीकार गरेको अभियोग दावीलाई निजको विरूद्ध प्रमाणमा लिन मिल्छ, मिल्दैन भन्ने सम्बन्धमा विचार गर्दा निज अदालतमा इन्कार रहेको र अभियोजन पक्षले निजको अनुसन्धानको क्रममा व्यक्त भावनालाई पुष्टि गर्ने अन्य कुनै प्रमाण पेश गर्न नसकेको अवस्थामा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई निजको विरूद्ध प्रमाणमा ग्रहण गर्नु कानूनसंगत नहुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०५६ सालकोको दे.पु.नं. ५१४५ र २०६१ सालको दे.पु.नं. ८३५८, मोहीयानी जोताहा हक कायम गरी प्रमाणपत्र पाऊँ, *चिरीकाजी महर्जन वि. आशालाल महर्जन, वारकृष्ण श्रेष्ठ वि. चिरीकाजी महर्जन*

विवादित जग्गाको अस्थायी जोताहा निस्सा प्रत्यर्थी आशालाल महर्जनका नाममा रहेको तथ्य मिसिल संलग्न सोसम्बन्धी प्रमाणहरूबाट देखिएको छ । यस्तो अस्थायी जोताहा निस्सा मोही प्रमाणपत्र सरह प्रमाण ग्राह्य हुने ।

घरायशी अंशबण्डाको कागज र मोही छोडपत्रको कागजबाट न पहिलाको मोहियानी हक समाप्त भएको र न त नयाँ मोहियानी हक प्राप्त हुन सक्ने अवस्था देखिन आउँछ । यी पुनरावेदक चिरीकाजी महर्जनले सालसालै बाली बुझाएको भन्ने समेत आधारमा मोहियानी हक प्राप्त हुनुपर्छ भनी लिएको दावीको सन्दर्भमा विचार गर्दा बाली बुझाएको भरपाई मात्रको आधारमा कायम भई आएको मोहीको हक समाप्त हुन र भरपाइवालाको मोहियानी हक प्राप्त हुनसक्ने अवस्था नहुँदा निजको मोहियानी हक सिर्जना हुन सक्ने नदेखिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** ०६३-CI-१८८, नामसारी बदर, दर्ता बदर, नामसारी दर्ता, *जानकीदेवी कलवारिन वि. ब्रजबिहारी प्रसाद कलवार समेत*

सगोलको सम्पत्ति कुन अंशियारको नाममा दर्ता रह्यो त्यो कुरा न्याय निरूपण गर्दा तात्विक महत्वको हुँदैन । सगोलको अवस्थामा एकाको भागको सम्पत्ति अर्को अंशीको नाममा दर्ता हुन पुग्यो वा दर्ता रहिरहेको भन्दैमा सोतर्फ दर्ता बदरमा आउनु पर्ने वा हदम्याद नाघिसक्यो भन्ने जस्ता जिकीर कानूनसम्मत नहुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असोज ३ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६३-CI-१८७, लिखत दर्ता बदर, *जानकीदेवी कलवारिन वि. ब्रजबिहारीप्रसाद कलवार समेत* भएको मुद्दामा यसैअनुसार भएको छ ।

९

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको दे.पु.नं. ००९८, दर्ता स्रेस्ता बदर गरी सार्वजनिक पाटी सत्तल कायम गरिपाऊँ, *सुवर्ण रञ्जितकार वि. तीर्थनारायण मानन्धर समेत*

साविकदेखि पाटी सत्तल रही हाल भग्नावशेषको रूपमा रहेको र सो जग्गा एवं वरपरको वस्तुस्थिति र प्रकृतिबाट पनि विवादित न.नं. ७ को जग्गा पाटी सत्तल भनी प्रमाणित भई रहेकोले दर्ता गराएकै कारणले मात्र हाल सत्तल पाटी होइन भनी भन्न मिल्ने देखिदा वादी दावी पुग्न नसक्ने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी मिति २०५८।३।५ मा भएको नक्सा मुचुल्काको न. नं. ७ को क्षेत्रफल ०-०-१-११/२ जग्गामा सम्म दावीबमोजिम सार्वजनिक पाटी सत्तल कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिदा सदर हुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल भदौ २७ गते रोज १ शुभम् ।

१०

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६३ सालको रिट नं. ०६८६, उत्प्रेषण समेत, *नारायणबंशी झा वि. कैलासदेवी शाह समेत*

बिगो भरी भराउ गर्ने प्रक्रियाअन्तर्गत गरिने सम्पत्तिको मूल्याङ्कनबाटै बिगो तिर्नु, बुझाउनु पर्ने दायित्व भएको व्यक्तिको हकहितमा तत्काल र प्रत्यक्ष असर पर्न सक्ने स्थिति हुँदैन । त्यो मूल्याङ्कन न्यूनतम् मात्र हो । सम्बन्धित सम्पत्तिलाई खरिद गर्न चाहने व्यक्तिले न्यूनतम् मूल्यभन्दा जति बढी मूल्य दिन पनि कानूनले कुनै बाधा गर्दैन । लिलाम प्रक्रिया खुल्ला रूपमा सम्पन्न हुने हुनाले सम्पत्ति खरिदकर्ताहरू लिलाम प्रतिस्पर्धामा सहभागी भै न्यूनतम् मूल्यभन्दा जति बढी पनि प्रस्तावित गर्न सक्ने ।

विपक्षीले पाउनु पर्ने बिगोको रकम तिर्नु, बुझाउने पर्ने कानूनी दायित्व पूरा गर्नेतर्फ ऋणी निवेदक अग्रसर रहनु पर्दछ । बिगो भरी पाउनेले जग्गा वा अचल सम्पत्ति पाऊँ भनी माग राखेको हुँदैन । अपितु बिगो भरी

पाउन दरखास्त दिएको हुन्छ । आफूले तिर्नु बुझाउनु पर्ने रकम निवेदकले बुझाएमा लिलाम गर्ने गराउने अवस्था नै आउँदैन । त्यसकारण आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरी फैसला कार्यान्वयनको प्रक्रियामा छिद्रान्वेषण गर्दै त्यसैको आडमा फैसला कार्यान्वयनलाई जटिल र बिलम्बित गर्न पाउने अधिकार नहुने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल पुस ५ गते रोज २ शुभम् ।

## इजालास न. ८

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३१०३, भ्रष्टाचार, *शर्मीला नेवा वि. नेपाल सरकार*

कुनै प्रमाणपत्र कहीं पेश गरिन्छ भने त्यसबाट कुनै लाभ वा प्रतिफल प्राप्तिको लागि नै पेश गरेको हुन्छ । पुनरावेदिका तत्कालीन अवस्थामा राष्ट्रसेवक कर्मचारी भएको नाताले विवादित प्रमाणपत्रको आधारमा बढुवासम्बन्धी पद वा ओहदा प्राप्त गर्ने उद्देश्यले अभिप्रेरित भै पेश गरेको देखिन्छ । नक्कली प्रमाणपत्र बनाई आधिकारिक निकायमा पेश गरिन्छ भने यसलाई आपराधिक कार्य मानिने ।

शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने संस्थाबाट प्रतिवादीद्वारा पेश गरिएको प्रमाणपत्र गलत हो भनी सम्बन्धित निकायलाई लेखी आएको र प्रतिवादीकै निवेदनअनुरूप अदालतको आदेशानुसार पुनः यकीन गर्न पठाउँदा समेत प्रतिवादीको प्रमाणपत्र झूठ्ठो हो भनी लेखी आएको तथ्यलाई खण्डन गरी प्रमाण पुऱ्याउन नसकेको हुँदा निज बेकसूर हुन् भन्न नमिल्ने ।

इजालास अधिकृत : शिवप्रसाद खनाल

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३५०८, २०६६ सालको फौ.पु.नं. २०६६-CR-०४३१, सरकारी वृक्षारोपण क्षेत्रको सिसौ कटान गरी ओसारपसार गरेको, *नेपाल सरकार वि. विजयकुमार शर्मा समेत, विजयकुमार शर्मा वि. नेपाल सरकार*

स्वशासित संस्था (गा.वि.स.) वा कानूनी व्यक्तिले पनि कानूनद्वारा निर्धारण गरिएका प्रावधानहरूको परिपालन गर्नु नपर्ने भनी अर्थ गर्न नमिल्ने ।

बरामद भएको रू. ३५३४।- सम्मको काठ प्रतिवादीहरूले अवैध रूपमा काटी ओसारपसार गरेको ठहर गरी प्रतिवादी विजयकुमार शर्मा र कृष्णकुमार राईलाई जनही रू. ३,५३४।- जरीवाना हुने ।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल असोज ४ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५ सालको CR-२५०, सरकारी छाप कीर्ते, *नेपाल सरकार वि. चीजराम गुरूङ्ग समेत*

प्रतिवादीहरू चीजराम गुरूङ्ग र चन्द्रप्रसाद चुदालीलाई निजहरूले अभियोग दावीअनुसार सरकारी छाप दस्तखत कीर्ते गरेको ठहर भएपछि निजहरूलाई हुने ठहर भएको सजाय जनही गर्नुपर्नेमा दामासाहीले गर्ने गरेको शुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिदा केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन कीर्ते कागजको ९ नं. अनुसार जनही रू. ५०।- (पचास) जरीवाना एवं ऐ.ऐ. को १२ नं.अनुसार जनही १(एक) वर्ष थप कैद हुने ठहर्छ । निज प्रतिवादीहरू तोकिएको मितिमा अदालत हाजिर नभई तारेख गुजारेको र सोको मनासिब कारणसहित निवेदन समेत गरेको नदेखिदा निजहरू दुबैले जनही ९०००।- का दरले राखेको धरौटी समेत अ.बं. १२४ नं. अनुसार जफत हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्पयुटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६३ सालको CR-०३५८, सवारी ज्यान, *ज्ञानेश्वरराज लोहनी वि. नेपाल सरकार*

प्रतिवादी खड्गबहादुर थापाले चलाएको रा. १ त १६८ नं. को ट्रेक्टरले किची मृतक कृष्णबहादुर

बस्नेतको मृत्यु भएकोमा निज चालकलाई शुरू जिल्ला अदालतबाट भएको सजायमा पुनरावेदन गर्न पाउने समेतको अवस्था नरही फैसला अन्तिम भै रहे बसेको अवस्था देखिन्छ भने उक्त ट्रेक्टरका धनी यी प्रतिवादी चामुनारायण स्वयंले मिति २०५८।१२।२ मा किरिया खर्च र क्षतिपूर्तिबापत भनी रू. २६,०००।- जिल्ला प्रशासन कार्यालय दाङमा धरौटी राखी मिति २०५८।१२।४ मा मृतकको हकवाला श्रीमती श्यामकला बस्नेतले सो रकम बुझिलिएको मिसिल संलग्न कागजात र गोश्वारा भौचर समेतबाट देखिन आउँछ । अर्कोतर्फ पुनरावेदनकर्ताले तेस्रो पक्षको बीमा गराइसकेको भनी लेखाउन र देखाउन नसकेको, निजले जिल्ला प्रशासन कार्यालयमा बुझाएको रकम मृतककी श्रीमतीले बुझेको किरिया खर्च र क्षतिपूर्तिबापतको भनिएको रकम रू. २६,०००।- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१)(क) अनुरूपको न भै घटी देखिएको अवस्था हुँदा शुरू अदालतबाट फैसला गर्दा तत्सम्बन्धी अभियोग दावीसम्बन्धमा कानूनबमोजिम किरिया खर्चतर्फ बोल्दै नबोली क्षतिपूर्तितर्फको नपुग रू. २४,०००। मात्र भराइदिने गरी फैसला भएकोमा पुनरावेदन अदालत तुल्सीपुर दाङले शुरूको फैसला केही उल्टी गरी किरिया खर्चतर्फको छूट रू. १०,०००।- समेत मृतकका हकवालाले प्रतिवादी चामुनारायणबाट भरी पाउने ठहऱ्याएको फैसलालाई अन्यथा भन्न नसकिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल असोज १० गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** मुद्दा नं. २०६६-CI-०५६३, निषेधाज्ञा, *कन्हैयालाल भगत, वि. पूर्वाञ्चल सडक कार्यालय, विराटनगर*

सर्वे नापीमा सडक सीमाना जनिई नापी भएको र निवेदकले आफ्नो भनी दावी गरेको उक्त जग्गा सार्वजनिक ठहरी निजको निर्विवाद हक रहेको भन्ने देखिन नआएको स्थितिमा आफ्नो हक नै नपुगेको जग्गामा बनाएको घर टहरा नहटाउने गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** मुद्दा नं. २०६६-CI-०१२३, निषेधाज्ञा र परमादेश, *गहुँ थारू वि. पन्नी थारू समेत*

तत्काल कायम रहेको व्यवस्थाअनुसार थारू जातिको जग्गा जमीन बेचबिखन तथा कुनै प्रकारले हक हस्तान्तरण गर्दा स्थानीय प्रशासनको अनुमति लिनुपर्ने भन्ने व्यवस्था रहेको र प्रत्यर्थी पन्नी थरूनीले आफ्नो हकभोगको जग्गा छोरीहरूलाई दिने क्रममा निजलाई थाहा जानकारी नै नदिई तथा स्थानीय प्रशासनको अनुमति समेत नलिई निजका भतिजा यी पुनरावेदक गहुँ थारूले बाँकी रहेको जमीन पनि आफ्नो नाममा बकस गराई लिई बृद्धा पन्नी थरूनीको सबै सम्पत्ति हडप गरी लिएकाले पन्नी थरूनीले मालपोतका कर्मचारीसंग समेत मिलेमतो भएकाले छानबीन गरिपाऊँ भनी दिएको उजूरीका आधारमा स्थानीय प्रशासनलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ द्वारा प्रदत्त अधिकारबमोजिम छानबीनको क्रममा यी निवेदकलाई समेत तारेखमा राखेको भन्ने देखिन्छ । यसरी जिल्ला प्रशासन कार्यालयले कानूनद्वारा प्रदत्त अधिकारको कार्यान्वयनको क्रममा कानूनबमोजिम छानबीन तथा अनुसन्धान गर्न पाउने नै देखिँदा निजका विरूद्ध परेको उजूरीका आधारमा गरेको अनुसन्धानबाट निवेदकको कानूनी एवं संवैधानिक अधिकारमा आघात पर्न नसक्ने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** मुद्दा नं. २०६४-CI-०६०९, निषेधाज्ञा, *रामबहादुर कुँवर वि. शिवराज कुँवर समेत*

निवेदकको जग्गाबाट ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्री विपक्षीहरूले लगेको भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन सकेको पाइँदैन भने निवेदकले विपक्षीहरूको कार्यबाट निजको के कति क्षति भएको हो भनी निवेदनमा खुलाउन नसकेको हुँदा क्षतिको अङ्क नै किटान नगरेको अवस्थामा पुनरावेदन जिकीरमा रू. १,४५,०००।- बराबरको क्षति भएको भनी गरेको दावीलाई समेत युक्तिसंगत मान्न नमिल्ने ।

इजलास अधिकृत : अशोककुमार बस्नेत

इति संवत् २०६७ साल कात्तिक ११ गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- मुद्दा नं. २०६४-CI-०६०८, निषेधाज्ञा, *वेककुमारी कुँवर वि शिवराज कुँवर समेत*
- मुद्दा नं. २०६४-CI-०६१०, निषेधाज्ञा, *टेकबहादुर कुँवर वि. शिवराज कुँवर समेत*

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ३२८, जीऊ मास्ने बेच्ने, *सानुलाल तामाङ वि. नेपाल सरकार*

सबूद प्रमाणहरूको आधारमा यी पुनरावेदक प्रतिवादी कोक्रो सुनील भन्ने सानुलाल तामाङ समेतले जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ३ र ४ को कसूर अपराध गरेको वस्तुनिष्ट रूपमा पुष्ट्याई भएको देखिदा निज प्रतिवादी समेतलाई अभियोग दावीबमोजिम सोही ऐनको दफा ८(१) बमोजिम जनही १२ वर्ष कैद र सोही ऐनको दफा ५ बमोजिम थप जरीवाना गर्नुपर्नेमा शुरू चितवन जिल्ला अदालतले कैदको मात्र सजाय गरेकोमा केही उल्टी गरी कैद र जनही जरीवाना रू. ४८,०००।- समेत गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६४।३।२६ मा भएको फैसला मिलेको नदेखिँदा सदर हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको WO-०५५८, उत्प्रेषणयुक्त परमादेश, *भुपेन्द्रप्रसाद पोखरेल वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले नेपाल अधिराज्यको संविधान, २०४७ विपरीत भयो भनी प्रस्तुत विषयको उठान गरेको हो सो संविधान नै खारेज भैसकेको र वर्तमान अवस्थाको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७(१) मा नेपालको राष्ट्रिय गान, निशाना छाप नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ भनी नेपालको निशाना छाप तोक्न नेपाल सरकारलाई अधिकार प्रदान गरेको स्थिति हुँदा सो सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गरी तोकेको एवं गृह मन्त्रालयको सार्वजनिक सूचनाबमोजिम प्रयोगमा आइसकेको निशाना सम्बन्धमा निवेदकको माग निरर्थक देखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६७ साल कात्तिक २५ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ३२९, जीउ मास्ने बेच्ने, *सानुलाल तामाङ वि. नेपाल सरकार*

प्रतिवादीमध्येका गोपाल लामाले यी प्रतिवादी समेतलाई भा.रू. १३ हजारका दरले बाँडेको, होटलबाट बिहान गोपाल लामासँग बाहिर निस्केको शिला बेलुकी होटलमा नफर्केको भन्ने क्रमवद्ध रूपमा घटनाक्रमको पुष्टि गरेको देखिएबाट शिला भन्ने मनमाया वाइबालाई यी पुनरावेदक प्रतिवादी समेतले बिक्री गरेको भन्ने देखिन आएको र यी प्रतिवादीउपर आफ्नो बहिनी शिला भन्ने मनमाया वाइबालाई भारतको बम्बैमा लगी बिक्री गरेको भन्ने उजूरी परेको यस स्थितिमा आफूले बम्बैमा लगी बिक्री गरी कसूर गरेको होइन भनी प्रमाण पुऱ्याउने भार जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण ऐन, २०४३ को दफा ७ ले प्रतिवादीको हुने स्पष्ट कानूनी व्यवस्था भएकोमा प्रतिवादीले सोअनुरूप प्रमाणित गर्न असफल भएको साथै बिक्री भएको बिगो समेत यकीन भएको हुँदा जनही १२ वर्ष कैद र सोही ऐनको दफा ५ बमोजिम थप जरीवानाको सजाय समेत गर्नुपर्नेमा शुरू चितवन जिल्ला अदालतले कैदको मात्र सजाय गरेकोमा केही उल्टी गरी कैद र जनही जरीवाना रू. ६४,०००।- समेत गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६४।३।३६ मा भएको फैसला मिलेको देखिदा सदर हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

संवत् २०६७ साल मंसिर १५ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको WO-०७६८, उत्प्रेषण परमादेश, *सुरेन्द्रबहादुर कार्की वि. सामान्य प्रशासन मन्त्रालय समेत*

कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक गर्ने दायित्व भएको र कानूनले अख्तियारी दिएको निकाय विपक्षी निजामती किताबखाना तथा कर्मचारी कार्यरत् कार्यालय सिरहा जिल्ला अदालतले निवेदकलाई कुनै किसिमको जानकारी नगराएको र कार्यालयको काममा लगाई सेवा लिइरहेको कार्यालयले सेवा गरेबापत् निजलाई

उपलब्ध गराएको तलब भत्ता फिर्ता गर्नु वा कट्टा गर्नु भन्न काम गरेबापत उचित ज्याला पाउने भन्ने श्रमसम्बन्धी विधिशास्त्रीय अवधारणाको विपरीत हुने ।

निजामती कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक गर्ने निरपेक्ष दायित्व र अधिकार भएको निकाय निजामती किताबखानाको भूल र कमजोरीको प्रतिफल निवेदकले व्यहोर्नु पर्छ भन्नु कानूनअनुरूप र विवेकशील नहुने ।

नियमित रूपमा सिरहा जिल्ला अदालतमा उपस्थित भई सेवा गरी कानूनबमोजिम प्राप्त गरेको तलब भत्ता निवृत्तिभरण अधिकारपत्र बनाउने सिलसिलामा फिर्ता गर्नु, कट्टा गर्नु भनी विपक्षी निजामती किताबखानाले मिति २०६५।१।२६ मा गरेको निर्णय र सो निर्णयका आधारमा भए गरेका कार्य र कौंशीतोषाखानालाई लेखेको पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर हुने र मिति २०६५।१।२६ सम्म निवेदक सुरेन्द्रबहादुर कार्कीले प्राप्त गरेको तलब भत्ताअनुसार नियमानुसार पाउने औषधि उपचार खर्च समेतका रकम निवेदकलाई दिलाई दिई निवृत्तिभरण अधिकारपत्र समेत बनाई दिनू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

९

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको WO-०१३२, उत्प्रेषण परमादेश, *ढालबहादुर के.सी. वि. भन्सार विभाग, त्रिपुरेश्वर समेत*

निजामती सेवा ऐन, २०४९ (पहिलो संशोधन समेत) को दफा ३३(१) मा ५८ वर्ष उमेर पूरा भएको वा दफा १७ बमोजिमको पदावधि पूरा भएको निजामती कर्मचारीले निजामती सेवाबाट स्वत: अवकाश पाउनेछ भनी कानूनी प्रावधान रहेको पाइयो । निवेदक ढालबहादुर के.सी.ले निवेदनको प्रकरण ४(क) मा आफ्नो जन्म मिति २००८।८।१७ रहेको भनी उल्लेख गरेकोमा दुबै पक्षको मुख मिलेको पाइन्छ । निजले आफैंले उल्लेख गरेको उक्त जन्म मितिअनुसार निज बि.सं. २०६६।८।१६ मा ५८ वर्ष पूरा गरी अनिवार्य अवकाश प्राप्त गरिसकेको हुँदा यस निवेदनको प्रयोजन समाप्त भैसकेको देखिदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १३ गते रोज ३ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको CI-०१०१८, नामसारी, *नरेन्द्र राज्य लक्ष्मी शाह समेत वि. भाजुरत्न महर्जन*

हेमबिक्रम र मोहनबिक्रम शाह भन्ने व्यक्ति एउटै नभई फरक फरक व्यक्ति हुन्, निजबाट के कति जायजन्म भएका छन् हकदार कति छन् थाहा छैन भनी गोश्वारा रूपमा वस्तुनिष्ठ रूपमा उल्लेख गर्न नसकी यथार्थपरक तथ्य दिन नसकी व्यहोरा उल्लेख गरेको पाइन्छ । हेमबिक्रम पृथक व्यक्ति हुन् भनेपछि हेमबिक्रम वास्तविक यी व्यक्ति हुन् भनी प्रमाणित गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार प्रत्यर्थी प्रतिवादी भाजुरत्न महर्जनको रहेको तर निज सो दायित्वबाट बिमूख भएको पाइन्छ । अर्कोतर्फ मोही सम्बन्धमा विवाद नभएको अवस्थामा जग्गाधनीका पत्नी र छोराहरूले कानूनबमोजिम आफ्ना पति पिताको् नामबाट आफूहरूका नाउँमा जग्गा नामसारी गर्दा मोहीको अधिकार हनन् हुने कुनै पनि आधार र कारण देखिदैन । यस्तो अवस्थामा मोही भन्ने तथ्यलाई स्वीकार गरी कानूनद्वारा मोहीलाई प्रदत्त अधिकारमा कुनै व्यवधान सिर्जना गर्ने उद्देश्य नभएको अवस्थामा अदालतमा मुद्दा गर्न जानुपर्ने कानूनी औचित्यता नदेखिँदा सो निष्कर्षलाई न्यायोचित मान्न नमिल्ने ।

दुई व्यक्तिका बीचमा विवादित कि.नं. ७३ का सम्बन्धमा तेरो मेरोको विवाद सिर्जना भएको नदेखिएको र कानूनबमोजिम जग्गाधनीको नामबाट निजका पत्नी र छोराहरूमा हुने नामसारीले मोही प्रत्यर्थीको हकमा असर नपर्ने हुँदा हक स्थापित गराउनु नपर्ने व्यक्ति प्रत्यर्थी मोहीको निवेदन जिकीरकै आधारमा हक यकीन गर्न अदालतमा जानु भनी सुनाउनु न्यायोचित नहुने र स्वयं मोही प्रत्यर्थीले हेमबिक्रम शाह भन्ने व्यक्तिको अस्तित्व देखाउन नसकेको स्थितिमा सबूत प्रमाण बुझी विवादित कि.नं. ७३ को जग्गा मृतक मोहन बिक्रमका पत्नी छोराहरू पुनरावेदिका नरेन्द्र लक्ष्मी शाह समेतका नाउँमा नामसारी गर्ने निर्णय गरेको मालपोत कार्यालय कलंकीको मिति २०६१।१०।४ को निर्णय मनासिबै देखिने ।

इज्लास अधिकृत : कपिलमणि गौतम

इति संवत् २०६७ साल पुस १२ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०५५०, बहुविवाह, *निर्मला यादव वि. नेपाल सरकार*

प्रतिवादी जसपाल यादव र प्रतिवादी निर्मला यादवको घर नजिकै भएको देखिएको, प्रतिवादी जसपाल यादवसंग जाहेरवालीको वारदात हुनुभन्दा १० वर्षअगाडि नै विवाह भएको तथ्यमा विवाद नभई धेरै वर्षअगाडिको एकै गाउँको कुरा थाहा नपाउने भन्ने तर्क विश्वासलायक नभएको समेतका प्रमाणहरूबाट प्रतिवादी निर्मला यादवलाई अभियोग दावीबाट सफाई दिने गरी शुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६४।९।२५ मा भएको फैसलालाई केही उल्टी गरी प्रतिवादी निर्मला यादवलाई अभियोग दावीबमोजिम १ वर्ष कैद र रू. ५०००।- जरीवाना हुने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५-CR-०६११, अदालतको अपहेलना, *महानबहादुर गुरूङ्ग वि. जिल्ला शिक्षा कार्यालय, पर्वत समेत*

निवेदक समेत आफैं उपस्थित भई दरबन्दीसम्बन्धी बैठकमा सहीछाप गरी दरबन्दी मिलानबारेमा जानकारी भएको स्पष्ट देखिन्छ । आफूसमेत संलग्न भई भएको निर्णयबमोजिम भुकदेउराली मा.वि.मा विद्यार्थी संख्याअनुसार शिक्षक दरबन्दी घटाई नयाँ दरबन्दी संख्या कायम भएको भन्ने स्पष्ट देखिएको छ । विद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी कायम हुने भन्ने विषय शिक्षा नियमावली,२०५९ ले गरेको र विद्यार्थी संख्याका आधारमा शिक्षकको दरबन्दी कायम गर्ने विषय सरकारको नीतिगत निर्णयभित्र पर्ने भएको र त्यस्तो नीतिगत निर्णय गर्दाका अवस्थामा यी निवेदकको समेत संलग्नता देखिएको हुँदा आदेश कार्यान्वयन नगरेको भनी अदालतको अपहेलनामा सजाय गर्नु न्यायोचित नदेखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल कात्तिक १८ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६३ सालको दे.पु.नं. १२३९, अंश, *अजवीर महतारा वि. रत्नबहादुर महतारा*

कानूनबमोजिम लिखत खडा गरी अंशवण्डा भैसकेको भनी स्वयं प्रतिवादीले जिकीर लिन सकेको नदेखिँदा सगोलको केही जग्गा वादी प्रतिवादी तथा निजहरूका परिवारका नाउँमा अलग अलग दर्ता गर्दैमा र अलग-अलग बसेको कारणले मात्र अंशवण्डा भइसकेको भनी ठहऱ्याउन मिल्ने नदेखिँदा वादी प्रतिवादीहरू एकासगोलका अंशियार भई वादीले प्रतिवादी पक्षबाट अंश पाउने ।

कुनै व्यक्तिले आफ्नो श्रम वा बौद्धिक क्षमताबाट कुनै सम्पत्ति आर्जन गर्दछ भने त्यस्तो सम्पत्तिलाई निजी आर्जन भनिन्छ । अंशबण्डाको विषयमा निजी आर्जन हुनको लागि अंशियारमध्ये कसैले एकाघर सगोलको सम्पत्ति प्रयोग नगरी सगोलको सम्पत्ति नमिसाइकन आफ्नै श्रम र सीपबाट कुनै सम्पत्ति आर्जन गरेको छ भने सो सम्पत्तिलाई स्वआर्जन भन्न सकिन्छ । कसैसँग भएको सम्पत्ति स्वआर्जनको हो वा सगोलको हो भन्ने सम्बन्धमा सो सम्पत्ति आफूले एकाघर सगोलको कुनै किसिमको श्रम र सम्पत्ति प्रयोग नगरी आर्जन गरेको हो भनी जिकीर लिने व्यक्तिले नै प्रमाण पुऱ्याउनु पर्ने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल मंसिर ७ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०३२१, तलव भत्ता दिलाई पाऊँ, *अशोक श्रेष्ठ वि. सुरजबिक्रम थापा*

कर्मचारीले पालना गर्नुपर्ने अनुशासनका विषयमा तथा सोबमोजिम गरिएको कारवाहीको विषयमा हरेक कर्मचारीलाई सूचना वा जानकारी दिनुपर्ने बाध्यात्मक शर्त हो आफैंले तय गरेको कामको सम्झौताका शर्त आफैंले उल्लंघन गरेमा सो शर्त क्रियाशील हुन्छ । कम्पनीका शर्तहरूमध्ये कुनै शर्त वादीले पालना नगरेको भनी कम्पनीले सूचना उल्लेख गरेको समेत देखिँदैन । यो शर्त पालना नगरेको भनी कम्पनीले वादीलाई स्पष्टीकरण सोधेको पत्र र सेवाबाट हटाएको भन्ने कुनै पनि पत्र निजलाई बुझाएको वा जानकारी गराएको समेत देखिन आएन । यसरी वादी सुरजविक्रम थापालाई प्रतिवादी श्रेष्ठ कन्सट्रक्सन कम्पनी (हेटौडा)

प्रा.लि. ले निर्माणाधीन बर्दिवास सिन्धुली-बनेपा सडकको सिन्धुली खुर्कोट खण्ड प्रोजेक्टमा पब्लिक रिलेशन अफिसर पदमा तलव नै तोकी कम्पनीको सेवा शर्तभित्र रही काम गर्ने जिम्मेवारी दिई नियुक्ति दिएको विषयलाई वादीलाई थाहा जानकारी नै नदिई, सेवाबाट हटाउनु पर्ने कारणका बारेमा स्पष्टीकरण दिने मौका समेत प्रदान नगरी एकपक्षीय रूपमा बिना आधार कारण सुनुवाईको मौका समेत प्रदान नगरी सेवाबाट अवकाश दिने गरी विपक्षी कम्पनीले गरेको निर्णय न्यायोचित नदेखिने।

वादीले तलब नपाएको भनी उल्लेख गरेको मिति २०६२।७।२८ देखि तलव नदिएको भन्ने कुरा प्रतिवादीले स्वीकारै गरी सो मितिबाट ३५ दिनभित्र उजूर गर्नुपर्ने भन्नेसम्म प्रतिवाद रहेको पाइन्छ। कुन कर्मचारी कुन कुन दिनमा हाजिर छ र कुन कुन दिनमा अनुपस्थित छ भन्ने कुराको जानकारी कर्मचारीको हाजिरी रेकर्डबाट स्पष्ट हुनेमा हाजिरीको विषयमा समेत हाजिरी रेकर्ड नै नराख्ने गरेको भन्ने प्रतिवाद हुँदा उल्लिखित मितिमा वादीले नियमित रूपमा काम गरेको मान्नुपर्ने देखियो। वादीले दावी लिएको काम गरेको अवधिलाई प्रतिवादीले युक्तियुक्त रूपमा खण्डन गर्न नसकेको र उल्लिखित मितिमा वादी कार्यालयमा अनुपस्थित रहेको भन्ने सोही कम्पनीबाट प्रकाशित सूचना वा जानकारीपत्र आधिकारिक प्रमाण समेत प्रतिउत्तर लगाउँदा र पुनरावेदन गर्दा समेत पेश गर्न सकेको समेत नपाइँदा काम गरेको अवधिको पारिश्रमिक दिनुपर्ने कानूनी दायित्वबाट प्रतिवदीले उन्मुक्ति पाउँछ भन्न नमिल्ने।

इजालस अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम्।

५

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ८८२१, निषेधाज्ञा, *रमेश गोयल वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय समेत*

कुनै व्यक्तिहरू बीच करार भई करारको प्रतिफल तेस्रो पक्षले उपभोग गर्न पाउँछ। तर करारको दायित्व तेसो पक्षमाथि हुने गरी करार हुन सक्तैन। सो करारको सिद्धान्त विपरीतको कार्य हो। प्रस्तुत रिट निवेदकले गायत्रीदेवी अग्रवालसँग करार गरी घर भाडामा लिँदा उक्त घरको भाडा दिनेसम्मको सम्झौता गरेको देखिन्छ। यसबाट गायत्रीदेवी अग्रवालले तिर्नु बुझाउनु पर्ने दायित्व यी निवेदकमा पर्ने अवस्था नदेखिने।

गायत्रीदेवी अग्रवालको नाउँको घरमा निवेदक उद्योगले उद्योग सञ्चालन गरेको भएतापनि विद्युत लाइन उपभोग स्वयंको नाउँमा जडान भई विद्युत महसूल तिर्दै आएको र सो उद्योग का.जि.का.म.न.पा. अन्तर्गतको स्थानमा सञ्चालन भएकोमा बंगला गार्मेन्टले ललितपुर जिल्लाअन्तर्गतको जग्गामा सञ्चालन गरेको उद्योगको लागि उपभोग गरेको विद्युत महसूल नतिरको कारण काठमाडौं जिल्लाअन्तर्गतको निवेदकको नाउँको जडान विद्युत लाइन काट्न कानूनतः मिल्ने नदेखिएकोले ग्राहक नं. ७७०९।५३५ को लाइन नकाट्नु कुनै किसिमले बिच्छेद नगराउनु भनी विद्युत प्राधिकरणको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने।

इजालस अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम्।

६

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०४६२, मोटर साइकल पार्टस् चोरी पैठारी, *बिराटनगर भन्सार कार्यालय वि. श्यामसुन्दर चौधरी*

आफ्नो गोदामबाट बरामद भएका सामानहरूको नियमानुसार भन्सार तिरेको बील बीजक नभएपछि ती सामानहरू चोरी पैठारी गरी ल्याएको मान्नुपर्ने।

अवैध रूपमा सामानहरू बरामद हुनु नै भन्सार चोरीमा कारवाहीको लागि पर्याप्त मानिन्छ। तर राजस्व न्यायाधीकरणले प्राविधिक रूपमा सुराकीको निवेदन पछाडि परेको भन्ने आधार लिएको देखिन्छ, सो आधार कानूनसम्मत छैन। सुराकी पर्नु र नपर्नुले भन्सार चोरीजस्तो गम्भीर विषयमा अभियुक्तउपरको कारवाहीलाई उन्मुक्ति दिन मिल्दैन। सुराकीका प्रतिवेदन, निवेदन, निर्णय आधार हुन नसक्ने।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल कात्तिक १४ गते रोज १ शुभम्।

७

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. १२२३, टिप्पणी आदेश लगत कायम नामसारी बदर, *भोगीलाल यादव वि. रामचन्द्र यादव*

मालपोत ऐन, २०३४ को दफा ३१ ले व्यवस्था गरेबमोजिम पुनरावेदनको उपचारको बाटो अवलम्बन

नगरी मालपोत कार्यालय सप्तरीको २०५७।९।२४ को टिप्पणी आदेशउपर शुरू सप्तरी जिल्ला अदालतमा नालेस दायर गरी निर्णय भएको देखाई क्षेत्राधिकारको अभावमा अ.वं. ३५ नं. बमोजिम शुरू सप्तरी जिल्ला अदालतबाट वादी दावीबमोजिम मालपोत कार्यालय सप्तरीको २०५७।९।२४ को निर्णय उल्टी गरी बदर हुने गरी भएको सप्तरी जिल्ला अदालतको मिति २०६०।५।२४ को निर्णय बदर हुने।

इजलास अधिकृत : भोलानाथ ढकाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल असोज ७ गते रोज ५ शुभम्।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. १२२५, जग्गा खिचोला घर उठाई चलन, *भोगीलाल यादव वि. रामचन्द्र यादव* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको CR-०१६०, बहु विवाह, *नेपाल सरकार वि. जानकी थापा*

खेमराज थापाले जानकी थापालाई विवाह गर्नुपूर्व २०५९ सालमा जाहेरवाली सुनितासँग विवाह गरेको तथ्य समेत निर्विवाद रूपमा स्थापित भएको देखिएता पनि खेमराज थापाले जानकीलाई विवाह गर्नुपूर्व आफूले पहिलो विवाह गरेको कुरा प्रतिवादी जानकीलाई जानकारी गराएको भन्ने तथ्य मिसिलबाट खुल्न आएको देखिएन। प्रतिवादी खेमराज थापाको बयानमा आफूले जानकी थापालाई घरमा जेठी श्रीमती छन् भनी थाहा जानकारी दिएकी थिइन् भनी उल्लेख गरेको देखिँदा निजको सोही भनाईलाई विश्वास गरी अन्जानमा खेमराजसँग विवाह गर्ने प्रतिवादी जानकी थापालाई बहुविवाहको कसूरमा सजाय गर्नु न्यायसंगत नहुने।

प्रतिवादी जानकी थापाले जानी-जानी बहु विवाहको कसूर गरेको प्रमाणित हुन सकेको नदेखिँदा निजलई आरोपित कसूरमा सजाय गर्नु न्यायसंगत नहुने हुँदा अभियोग दावीबाट सफाई हुने।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम्।

९

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको CI-०८३७, २०६५ सालको CI-०५६५, लेनदेन, *नित्यानन्द साह वि. राजेन्द्रप्रसाद साह, राजेन्द्रप्रसाद साह वि. नित्यानन्द साह*

प्रस्तुत मुद्दा लेनदेन मुद्दा भएकोले लेनदेनको बिगो बुझाउँदा प्रतिवादीले आफ्नो लेनदेनको बिगो बापत यो मितिमा यति रकम वादीलाई बुझाएको हो भनी वादीको सहिछाप समेत गराई भरपाई वा निस्सा आफूसँग राख्नुपर्ने हुन्छ। तर पेश भएका रसिदहरूमा त्यस्तो केही गरेको पाइँदैन। मिसिल संलग्न रसिदहरू हेर्दा रसिद नम्बरहरू क्रमिक रूपमा नभएका, के बापत रकम बुझाएको हो भन्ने कुरा स्पष्टसँग नखुलेको र रसिदको पीठमा समेत के बापत रकम बुझाएको हो भन्ने खुलेको नपाइँदा त्यस्ता अस्पष्ट एवं संदिग्ध रसिदहरूलाई प्रमाणमा ग्राह्य गरी प्रतिवादीले वादीलाई रकम बुझाएका रहेछन् भनी मान्न नसकिने।

पेश भएका रसिदहरू ठेलीको देब्रे पट्टि रहने अर्थात् रसिदको ठेलीमा रहने प्रति देखिएको र प्रतिवादीसँग आफूले रकम बुझाएको रसिदको प्रति रहे भएको भए सो पेश गरेको समेत नदेखिएको अवस्थामा अन्य प्रयोजनका लागि शाह डिष्टिलरी उद्योगले मनोकामना डिष्ट्रिब्यूटर्समा जम्मा गरेको रकमलाई नै प्रतिवादीले तमसुकी रकम बुझाएको भन्ने अनुमान गरी तमसुकी रकममा रसिद मार्फत केही रकम बुझाएको अनुमान गरी सो रकम कट्टा गर्न मनासिब नहुने।

इजलास अधिकृत : रमेश ज्ञवाली

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम्।

१०

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको CR-०२३७, सवारी ज्यान, *तिलकबहादुर बस्नेत वि. नेपाल सरकार*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २(क) र अनुसूची १ ले टेक्टरलाई यान्त्रिक शक्तिबाट चल्ने सवारीको साधनको दायराभित्र राखेको देखिन्छ। सोही ऐनको दफा १५० ले सवारी साधनका धनीले वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको दुर्घटना बीमा गराउनु पर्ने व्यवस्था रहेको देखिदा टेक्टरको दुर्घटना बीमा गराउनु पर्ने होइन भन्न सकिएन। सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ५३(१) मा यात्रा गर्ने प्रत्येक यात्रीको ऐनको दफा १५० बमोजिम दुर्घटना

बीमा गराउँदा मृत्यु तथा अङ्गभङ्ग समेत समेटी न्यूनतम् रू. ५०,०००।- को यात्रु बीमा गराउनु पर्ने वाध्यात्मक कानूनी व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाले टेक्टरमा यात्रा गर्ने यात्रीको दुर्घटना बीमा गराउन नपर्ने गरी बाहेक गरेको समेत पाइँदैन । यसरी कानूनमा स्पष्टसँग उल्लिखित व्यवस्थाको पालना नगरी सवारी बीमा नगराउने सवारीधनीबाट मृतकका हकदारले कानूनबमोजिमको बीमा रकम भराई लिन पाउने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको CR-०६३५, २०६६ सालको CR-००५२, कुटपीट, *सोनीदेवी यादव वि. दीपेन्द्रकुमार यादव, अयोधी यादव समेत वि. दीपेन्द्रकुमार यादव*

प्रतिवादीमध्येका लालुदेव यादवले कानमा चोट पुऱ्याएका र अन्य प्रतिवादीहरूले शरीरमा चोट पुऱ्याएको भनी दावी लिएको र सो दावीलाई घा जाँच केश फाराम, चिकित्सकको बकपत्र समेतका प्रमाणबाट समर्थित भएको देखिन्छ । अतः वादीको कानमा लागेको चोटको दायित्व प्रतिवादी लालुदेव यादवलाई र अन्य घाउ चोटको दायित्व अन्य प्रतिवादीहरूउपर रहेको ठहऱ्याई प्रतिवादी लालुदेव यादवलाई १(एक) वर्ष कैद र रू. ५००।- (पाँचसय) जरीवाना गरी भएको सप्तरी जिल्ला अदालतको फैसला निजको हकमा कैदको हदसम्म केही उल्टी गरी पुनरावेदक प्रतिवादी लालुदेव यादवलाई ३ (तीन) महिना कैद र रू.५००।- (पाँचसय) जरीवाना गरी अन्य प्रतिवादीहरूलाई कुटपीटको १० नं. बमोजिम रू. ५००।- जरीवाना गरी ऐ. को १८ नं. बमोजिम प्रतिवादीहरूलाई थप जरीवाना गरी २५ नं. बमोजिम वादीले घाउ खर्च समेत भराई लिन पाउने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।

१२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको MS-०००४, अदालतको अपहेलना, *अम्बरबहादुर थापा मगर वि. प्र.मं. तथा मन्त्रिपरिषद् सचिवालय समेत*

यस अदालतमा दायर भएको रिट नं.४०१७, को निवेदनमा नेपाली सैनिक कल्याणकारी कोष स्थापना भएदेखि हालसम्मको लेखा परीक्षण नभएको अवधिको लेखा परीक्षण गराई सो कोषको आम्दानी, खर्च, लगानीलगायतका सम्पूर्ण कारोवारहरूका सम्बन्धमा लेखा परीक्षणद्वारा औंल्याइएको वस्तुहरू पारदर्शिताको निमित्त सार्वजनिक गर्नु भनी विपक्षी रक्षा मन्त्रालय र नेपाली जंगी अड्डाको नाममा परमादेशको आदेश जारी हुने ठहरी यस अदालतबाट २०६३।८।१९ मा आदेश भएको देखिन्छ । यसरी निवेदकले सो मुद्दामा माग गरेको विषयमा यस अदालतबाट निवेदकको मागबमोजिम आदेश जारी भइसकेको मौजूदा अवस्थामा सो मुद्दा चालू अवस्थामा रहँदा यस अदालतबाट भएको आदेश कार्यान्वयनको स्थिति के कस्तो थियो भन्नेतर्फ हाल विश्लेषण गर्न उपयुक्त हुने समेत हुँदैन । उक्त मुद्दामा भएको आदेश कार्यान्वयन नगरी अदालतको अपहेलना गरेको भए पूर्व इजलासले नै सो सम्बन्धमा अदालतको अपहेलनामा कारवाही चलाउन सक्नेमा त्यसतर्फ पूर्व इजलासले कारवाही चलाएको समेत नदेखिदा सो मुद्दामा भएको आदेशसम्बन्धमा हाल आएर विपक्षीहरूउपर अदालतको अपहेलनामा कारवाही गर्नुपर्नेसम्मको अवस्था सिर्जना नहुने ।

नेपाल सरकारले पहिलो पटक सन् १९५८ सालबाट सैनिक पर्यवेक्षक पठाउने गरिएको तत्कालीन अवस्थामा पर्यवेक्षक पठाउँदा शान्ति सेना पठाउने राष्ट्र र संयुक्त राष्ट्र संघबीच Momorandum of Understanding (MOU) मा हस्ताक्षर गर्ने परिपाटी नभएकोले सोसम्बन्धी कागजात पठाउन नसकिएको भन्ने विपक्षी परराष्ट्र मन्त्रालयको लिखित जवाफबाट देखिदा हुँदै नभएको सम्झौता पठाएन भनी अपहेलनामा कारवाही गर्न नमिल्ने ।

इजलास अधिकृत : रमेश ज्ञवाली

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।

१३

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको CI-०४८२, नामसारी, *सेतकुमारी शाक्य वि. रमेश शाक्य समेत*

यही विवादित जग्गाका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा हक कायम समेतका मुद्दा परी हाल विचाराधीन अवस्थामा रहेको भन्ने कुरालाई पुनरावेदकका कानून व्यवसायीले इजलाससमक्ष सहमति जनाउनु भएकोले जिल्ला अदालतमा विचाराधीन मुद्दाहरूलाई प्रतिकूल असर पुग्ने गरी

प्रस्तुत मुद्दाबाट बोल्न समेत नमिल्ने हुँदा हक बेहकमा नालिस गर्न सम्बन्धित जिल्ला अदालतमा जानू भनी सुनाई दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलामा कुनै त्रुटि नदेखिदा सो फैसला सदर हुने ।

इजलास अधिकृत : रमेश ज्ञवाली
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।

१४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-११३३, परमादेश, *उपेन्द्र यादव चौधरी समेत वि. आयुर्वेद विभाग टेकु समेत*

बिना आधार कारण सुनुवाइको मौका समेत नदिई विपक्षी आयुर्वेद विभागले गरेको २०६६।१२।३१ को निर्णय कानूनी औचित्यपूर्ण नभएको र पुनरावेदन अदालतबाट भएका अन्तिम आदेशको बर्खिलाप भएको देखिँदा न्यायिक र कानूनअनुरूपको मान्न नमिल्ने ।

मिति २०६७।१।८ को विपक्षीमध्येको आयुर्वेद विभाग टेकुको निर्णयमा निवेदकहरूलाई पदनाम दिने तर हाल नगर्ने भन्ने व्यहोरा उल्लेख गरी पाटन पुनरावेदन अदालतको आदेश र स्वास्थ्य सेवा सेवा ऐन, २०५३ र ऐ. को नियमावली विपरीत पदस्थापन नगर्ने गरेको निर्णय ऐन नियम विपरीत समेत भएको र विपक्षी आयुर्वेद विभाग टेकुले लिखित जवाफ नदिई निवेदन जिकीर स्वीकार गरेको अवस्था हुँदा सो सम्बन्धमा केही बोलिरहनु परेन । तर पदस्थापनको हकमा गर्ने भन्ने मिति २०६६।१२।२९ को आयुर्वेद विभागको निर्णय सोही विभागको पुनः २०६६।१२।३१ को निर्णयले रद्द गरेको हुँदा उक्त मिति २०६६।१२।३१ को विपक्षी आयुर्वेद विभागको निवेदकहरूलाई पदस्थापन नगर्ने भन्ने निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम
इति संवत् २०६७ साल पुस ११ गते रोज १ शुभम् ।

१५

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६-CR-००४७, RC-००११ कर्तव्य ज्यान, *प्रमिला राई वि. नेपाल सरकार, नेपाल सरकार वि. बद्री भूजेल*

करणी गर्ने उद्देश्य लिई योजना बनाई प्रमिलाले परपुरूष बद्री भुजेललाई आफ्नो घरमा बोलाएकी र परस्त्रीगमन गर्ने उद्देश्यकासाथ बद्री भुजेल मृतकको घरमा पुगेको र सोही बखत आफूहरूको अवैध यौन सम्बन्धलाई विवाहमा परिणत गर्न थामसेर राई यी दुई प्रतिवादीको बीचमा बाधक भएको ठानी निजको ज्यान मार्ने योजना तत्कालै यी प्रतिवादीहरूले बनाएको देखिन्छ । सोहीअनुरूप प्रतिवादीहरूले थामसेर राइको शरीरको भिन्न-भिन्न भाग समात्ने क्रममा प्रतिवादी बद्री भूजेलले मृतकको घाँटी थिचेको देखिन्छ । अर्का प्रतिवादी प्रमिला राईले थामसेर राईको लिङ्ग समाती बटारी दिएको सोही पीडाबाट थामसेर राईको मृत्यु भएको समेत देखिन्छ । यसरी यी प्रतिवादीहरूको उक्त वारदात घटाउनमा मुख्य भूमिका रहेको प्रमाणित भइरहेको अवस्था छ । यी प्रतिवादीले अवैध यौन सम्बन्धलाई विवाहमा परिणत गर्ने क्रममा मृतकको उपस्थिति निजहरूलाई सह्य नभएको र मृतक जीवित रहेसम्म आफ्नो अवैध यौन सम्बन्धमा सधैं बाधा पर्ने समेत भएबाट सुती निदाइरहेको रक्सीको नसाको अचेतन अवस्थामा रहेको मृतकलाई समाई अति नै हिंस्रक र क्रूरतापूर्वक एकजनाले घाँटी थिची अर्काले लिङ्ग बटारी ज्यान मार्ने नियतले कर्तव्य गरी थामसेर राईलाई मारेको तथ्य शंका र विवादरहित ढंगबाट प्रमाणित हुँदा प्रतिवादीहरू बद्री भुजेल र प्रमिला राईलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

१६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६-CR-०२०२,कर्तव्य ज्यान, *तेन्जी शेर्पा वि. नेपाल सरकार*

घरायसी आपसी विवादका कारण ज्यान लिने मनसायले प्रतिवादी तेन्जी शेर्पाले पलम शेर्पाको संवेदनशील अङ्ग गर्धनभन्दा माथिको भाग अनुहार तथा टाउकामा जोखिमी हतियार बञ्चरोले पटक-पटक प्रहार गरेको कारणबाट निज पलमु शेर्पाको मृत्यु भएको तथ्य शंकारहित तवरले प्रमाणित भएको अवस्थामा अ.बं. १८८ नं. को प्रयोग गरी सजायमा कमी वा छूट दिन न्यायिक र स्वविवेकीय अधिकारको प्रयोग हुन नसक्ने हुँदा प्रतिवादी तेन्जी शेर्पालाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६७ साल पुस १४ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, २०६७ सालको WS-००१८, उत्प्रेषण समेत, *महेशराज पाण्डे वि. सूचना तथा सञ्चार मन्त्रालय समेत*

बिलम्बको सिद्धान्तअनुसार यदि निवेदक निरन्तर उपयुक्त कानूनी उपचारको मार्गमा संलग्न रहेको देखिन्छ भने खाली समय तत्व (Time Factor) मात्र प्रमुख र निर्णायक हुँदैन । निवेदकको कानूनी उपचारप्रति देखाएको तदारूखता वा क्रियाशीलता महत्वपूर्ण हुन्छ । निवेदक अविलम्ब र निरन्तर कानूनी मार्गमा क्रियाशील रहँदारहँदै केही समय व्यतीत भयो भन्दैमा बिलम्ब भयो भन्न मिल्ने हुँदैन । तर निवेदक तत्कालै उपयुक्त कानूनी उपचारको मार्गमा नलागी २०६६।११।१४ को विज्ञापन पछि मिति २०६७।८।२७ मा मात्र यस अदालतमा प्रवेश गरेको देखियो मिति २०६६।११।१४ पछि निरन्तर उपयुक्त कानूनी मार्गमा संलग्न रहेको मनासिब कारण देखिन नआउने ।

मिति २०६६।११।१४ मा प्रकाशित भएको पदपूर्तिका विज्ञापनको विषयलाई लिएर उचित कारण बिना अनुचित बिलम्ब गरी निवेदन दायर गरेको देखिदा प्रस्तुत निवेदनको औचित्यभित्र प्रवेश गरिरहनु पर्ने अवस्था देखिएन । निवेदनको औचित्य नरहेकोले कारण देखाउ आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल पुस १ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री सुशीला कार्की,** २०६७ सालको WO-०५४२, उत्प्रेषण परमादेश, *इन्दिरा पराजुली वि. बी.पी.ममोरियल क्यान्सर अस्पताल समेत*

संविधान प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि पर्याप्त र प्रभावकारी उपचारको व्यवस्था नभएको कानूनी हक प्रचलनको लागि वा सार्वजनिक सरोकारको विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्न निरोपणको लागि यस अदालतको संविधानको धारा १०७(२) अन्तर्गत आदेश जारी गर्ने अवस्था हुन्छ । व्यक्तिहरूको बीचमा निजी विधायन (Private Legislation) को रुपमा रहेको करारका शर्तहरू उल्लघंन भए वा भएनन् भन्ने विषय सार्वजनिक सरोकारको विवादमा बाहेक यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गतको दायराभित्र पर्दैन । विपक्षीहरूको करार भंग गर्ने कार्यले निवेदकको संविधान प्रदत्त हक अधिकारमा आघात पुगेको भनी निवेदन लेखमा नै दावी गर्न सकेको पाइदैन । करार उल्लंघन गरी विपक्षीहरूले बी.पी.को मेमोरियल क्यान्सर अस्पताल कर्मचारी प्रशासन सम्बन्धी नियमावली, २०६६ का प्रावधानहरू उल्लघंन गरेको भनी दावी गरेको पाइन्छ । उक्त विषयमा करार ऐनले प्रदान गरेको उपचारको उक्त व्यवस्था किन कसरी अपर्याप्त र प्रभावहीन भयो भन्ने निवेदनबाट प्रष्ट हुन नसकेको अवस्थामा विशुद्ध करारिय दायित्व उल्लघंन भएको विषयमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत कमलप्रसाद पोखरेल

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल मंसिर २९ गते रोज ४ शुभम्

३.

**मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको रिट नं. ०५६७, उत्प्रेषण, *अइन्द्रकुमार प्रधान समेत वि. चन्द्रजंग पाण्डे*

वैदेशिक रोजगार विभागले फिष्टेल ओभरसिज प्रा.लि.को कामकारवाही मिति २०६७।१।७ मा रोक्का राखेको तथा सोको जानकारी निवेदकलाई मिति २०६७।१।८ मा दिएकोमा उक्त तोक आदेश तथा पत्र बदर गरिपाऊँ भनी लगभग ८ महिनापछि मिति २०६७।९।७ मा बिलम्ब गरी प्रस्तुत निवेदन पर्न आएकोमा यतिको समय व्यतीत भई बिलम्ब हुनुको कुनै मनासिब कारण र औचित्य निवेदकले देखाउन सकेको छैन । जसको अधिकार गैरकानूनी रूपले कुण्ठित हुन्छ वा आघातीत हुन्छ, त्यो व्यक्तिले यथाशीघ्र छिटो समयमा त्यसको प्रचलनको लागि प्रयास गर्नुपर्छ । निवेदकले जहिलेसुकै पनि आफूखुशी अदालत प्रवेश गर्न पाउने भन्ने होइन । आफ्नो अधिकारप्रति सचेत नरहने, अनावश्यक ढिलाई गर्ने वा विवादित अधिकारको प्रचलन गराउन खोज्ने व्यक्तिका लागि आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी यस अदालतले रिट जारी गर्दैन । सफा हातले, यथा समयमा अदालत प्रवेश गरेको र वास्तवमै गैरकानूनी ढङ्गले कुण्ठित गरिएको अधिकार प्रचलनको लागि यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गर्ने गरेको छ । रिट निवेदन यत्तिका बिलम्ब गरी पर्ने मुनासिब माफिकको विश्वासिलो कारण समेत निवेदकले देखाउन नसकेको कारण प्रस्तुत रिट निवेदन बिलम्बको सिद्धान्तअनुसार खारेज हुने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल पुस ९ गते रोज ६ शुभम् ।

## अदालत गतिविधि

### पुनरावेदन अदालत पाटनद्वारा आयोजित बार्षिक कार्ययोजनाको समीक्षा एवं छलफल कार्यक्रममा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठज्यूले मिति २०६७।१०।१४।०६ मा दिनु भएको निर्देशन मन्तव्य

**यस कार्यक्रमका अध्यक्षज्यू, सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश एवं माननीय न्यायाधीशज्यू, पुनरावेदन तथा जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरू, सर्वोच्च अदालतका सह रजिष्ट्रार तथा पुनरावेदन अदालतका रजिष्ट्रारज्यू, जिल्ला अदालतका श्रेस्तेदार, अन्य अधिकृत एवं उपस्थित कर्मचारी बन्धुहरू।**

दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत दोस्रो आर्थिक वर्ष २०६७।०६८ को वार्षिक कार्ययोजनाको प्रगति समीक्षा बैठकमा आज यहाँहरू समक्ष आफ्ना केही भनाईहरू राख्ने मौका पाएकोमा मलाई खुशी लागेको छ। यस कार्यक्रमको आयोजना गरेर रणनीतिक योजनाद्वारा निर्धारित लक्ष्यको प्रगतिका दिशामा प्रदर्शन गर्नु भएको गम्भीरता एवं व्यक्त गर्नु भएको चिन्ता र सरोकारका लागि आयोजक पुनरावेदन अदालत परिवार र माननीय मुख्य न्यायाधीश श्री केशरीराज पण्डितज्यू तथा सबै न्यायाधीशज्यूहरू प्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । रणनीतिक योजनाको तर्जुमा तथा यसको कार्यान्वयनका लागि नेतृत्वदायी भूमिका खेल्नु हुने सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठज्यूप्रति म विशेष धन्यवाद ज्ञापन गर्दछु । प्रगति समीक्षाको यो महत्वपूर्ण कार्यक्रममा मलाई पनि सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा आयोजकहरू प्रति धन्यवाद दिन चाहन्छु।

हामीले न्यायिक कामकारवाहीलाई योजनाबद्ध रुपमा सञ्चालन गरी छिटोछरितो, प्रभावकारी, सर्वसुलभ एवं निष्पक्ष न्यायसम्पादन गर्ने सिलसिलामा न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना समाप्त भई अहिले दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन भइरहेको छ । पहिलो पञ्चवर्षीय रणनीतिक योजना अवधिमा हामीले अदालतको भौतिक पूर्वाधार विकासतर्फ अपेक्षित सफलता हासिल गरेपनि मुद्दा फछ्र्यौट तर्फ अझ केही गर्न बाँकी थियो । पहिलो योजनाको अनुभवलाई सँगाल्दै अझ व्यवहारिक, उद्देश्यमूलक एवं कार्यन्वयनयोग्य बनाई हाल दोस्रो रणनीतिक योजना तर्जुमा गरिएको छ । यस योजनाले मुद्दा फछ्र्यौट एवं फैसला कार्यान्वयनलाई मूल उद्देश्य बनाएको हुँदा सो उद्देश्यअनुरूप हरेक तहका अदालतलाई आ-आफ्नो कार्यबोझ, जनशक्ति, साधन स्रोत र आवश्यकताअनुरूप प्रत्येक वर्षको कार्य योजना बनाई न्यायसम्पादन र व्यवस्थापनको कार्य सञ्चालन गर्न आव्हान समेत गरेको छ । सोही बमोजिम आज यस पुनरावेदन अदालत पाटन एवं मातहत जिल्ला अदालतहरूको चालु आर्थिक वर्ष २०६७।०६८ को बार्षिक कार्य योजना र त्यसको हालसम्मको कार्यान्वयन स्थिति समेतका सन्दर्भमा छलफल एवं समीक्षा भएको छ। दोस्रो पञ्चवर्षीय योजनाको पहिलो वर्ष अर्थात् गत आर्थिक वर्ष २०६६।०६७ को कार्ययोजना निर्माण गरी त्यसको कार्यान्वयन समेत गरिसक्नु भएको हुँदा यहाँहरूले तर्जुमा गर्नु भएको चालु आर्थिक वर्षको आ-आफ्नो तहको कार्ययोजना अझ परिष्कृत, व्यवहारिक, उद्देश्यमूलक र कार्यन्वयनयोग्य रहेको छ भन्ने मैले विश्वास लिएको छु।

हामीले पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा गरी न्यायपालिकाको लक्ष्य र गन्तव्य निश्चित गरेका छौं, आवश्यकताको पहिचान गरेका छौं र सुधारका क्षेत्रहरू पनि पहिल्याएका छौं । न्यायपालिकाको यो योजना हाम्रो न्याय प्रणालीमा सुधारका निम्ति ल्याइएको आन्तरिक योजना मात्र नभएर सार्वजनिक दस्तावेज पनि हो । योजनामा हामीलाई आवश्यक पर्ने स्रोत र साधनहरूको मात्र उल्लेख गरिएका छैन, हामीले प्रदान गर्ने सेवाको तह र स्तर पनि उल्लेख गरेका छौं । हामीले सम्पादन गर्नुपर्ने हरेक कामकारवाहीका नतिजा परिसूचक (Result Indicators) हरू पनि तोकेका छौं । अझ महत्वपूर्ण कुरा यो योजना हामीलाई अरु कसैले बनाएर दिएको नभै हामी आफैंले आफ्ना लागि बनाएका हौं र यस अर्थमा यो हाम्रो आफ्नै प्रतिवद्धता पनि हो । त्यसैले अव हामी हिजोको स्थितिबाट केही बढी सार्वजनिक हुन पुगेका छौं । योजनामा उल्लिखित सूचकाङ्कको आधारमा हाम्रो कार्य

नतिजाप्रति निश्चय नै हाम्रो जवाफदेहिता बढेको छ । राष्ट्र र जनताले हाम्रा कार्यहरूको निरन्तर अनुगमन र मूल्याङ्कन गरिरहने छन् । योजनावद्ध सुधारको प्रक्रियामा पहिलो योजना हाम्रो नयाँ अनुभव भएकोले त्यसबाट अपेक्षित सफलता हासिल नहुनुमा हाम्रा अनुभवजन्य कमजोरीहरू पनि रहे होलान् । तर अव पनि हामीले तिनै कारणलाई आधार बनाएर उम्कने बहाना बनाउनु हुँदैन भन्ने तर्फ म सबै सहभागी न्यायाधीशज्यूहरूको ध्यान आकर्षण गर्न चाहन्छु । हामीले के बुझ्नुपर्छ भने अहिलेको परिस्थितिमा रणनीतिक योजनाको कार्यान्वयन हाम्रो जीवन मरणको प्रश्न हो र यसलाई सफल तुल्याउन सकिएमा मात्र राष्ट्र र जनताप्रतिको हाम्रो इमानदारी र उत्तरदायित्व प्रदर्शित हुन सक्दछ । त्यसैले न्यायपालिकालाई सक्षम र उत्तरदायी बनाउन हामी सबै निरन्तर प्रयत्नशील रहनुपर्दछ । रणनीतिक योजना कार्यान्वयनको यही महत्वका सन्दर्भमा आजको यो हाम्रो छलफलले यसको प्रभावकारी कार्यान्वयनका लागि बलियो आधार तयार गरेको छ भन्ने मलाई लागेको छ ।

चालु योजनाको कार्यान्वयनतर्फको पहिलो वर्षको अनुभव हेर्दा न्याय निरोपण गर्ने मूल कार्यतर्फ समग्र रुपमा हामीले उत्साहजनक उपलब्धी हासिल गरेका छौं । मुद्दा फछ्र्यौटतर्फ अधिकांश अदालतहरूले लक्ष्यअनुरूपको कार्यसम्पादनमा सफलता प्राप्त गरेका छन् । खासगरी बक्यौता मुद्दा संख्या र दुई वर्षे पुराना मुद्दाहरू घटाउने कार्यमा पनि आशातीत सफलता मिलेको छ । तथापि गत वर्ष पनि फैसला कार्यान्वयनतर्फ भने वाञ्छित प्रगति हुनसकेको पाइँदैन । दण्ड जरीवानाको लगत केही हदसम्म कम भएपनि समग्रमा फैसला कार्यान्वयनको स्थिति त्यति उत्साहबर्द्धक रहेको छैन । त्यस्तै पुनरावेदन अदालत पाटन तथा काठमाडौं जिल्ला अदालत जस्ता कार्यबोझ अत्यन्त धेरै भएका अदालतहरूमा न्याय निरोपणको मूल कार्यमा पनि अन्य अदालतहरूको तुलनामा लक्ष्यअनुरूपको कार्यसम्पादन हुन नसकेको भन्ने गत वर्षको तथ्याङ्कले औंल्याएको छ । प्राप्त तथ्याङ्कहरू हेर्दा गत आ.व. मा पुनरावेदन अदालत पाटनमा मुद्दाको कूल लगत ८१२५ मध्ये ४६५२ थान अर्थात् ५७.२५ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ भने मातहतका अन्य जिल्ला अदालतहरू मध्ये काठमाडौं जिल्ला अदालतमा रहेको कूल लगत १२०४७ मध्ये ६७३३ थान अर्थात् ५५ प्रतिशत फछ्र्यौट भएको देखिन्छ । मातहतका अन्य जिल्ला अदालतहरूमा ललितपुरमा कूल लगतको ४८ प्रतिशत काभ्रेमा ४३ प्रतिशत, धादिङ्गमा ३६ प्रतिशत, रसुवामा ४० प्रतिशत, दोलखामा ५२ प्रतिशत र भक्तपुरमा ६६ प्रतिशत, सिन्धुपाल्चोकमा ६० प्रतिशत र नुवाकोटमा ५४ प्रतिशतसम्म मुद्दा फछ्र्यौट भएको पाइन्छ । यी तथ्याङ्कहरूबाट सबै अदालतहरूको कार्यप्रगति लक्ष्य उन्मूख नै रहेको देखिन्छ । यसलाई अझ प्रभावकारी रुपमा सम्पादन गर्न चालु आर्थिक वर्षको अबको बाँकी अवधिमा आफ्नो वार्षिक योजनाको लक्ष्य अनुरूपको कार्यसम्पादनतर्फ सम्बद्ध सबैले विशेष ध्यान दिनुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

न्यायपालिकाको सर्वोत्कृष्टता यसलाई प्राप्त हुने स्वतन्त्रता र अख्तियारीको आधारमा मात्र परीक्षण हुने कुरा होइन । न्यायपालिकाको मूलभूत शक्ति भनेको यसप्रतिको जनआस्था हो र न्यायपालिकाप्रतिको जनआस्था यसबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, स्वच्छता, निष्पक्षता र प्रभावकारितामा निर्भर गर्ने कुरा हो । त्यसैले न्यायिक सेवाको प्रवाहलाई जनअपेक्षाअनुरूप वाञ्छित गतिमा अगाडि बढाई न्यायपालिकालाई सबैको आस्थाको धरोहरको रुपमा स्थापित गर्नुपर्ने चुनौती अझ पनि हामीसँग कायमै छ । मुलुकमा भएको ऐतिहासिक परिवर्तनसँगै न्यायपालिकाप्रतिको बढ्दो अपेक्षाका सन्दर्भमा यो चुनौती अझ थप रुपमा गम्भीर बन्दै गइरहेको महसूस गरिएको छ । वर्तमान नेपालको संक्रमणकालीन परिवेशमा यो चुनौतीहरू अझ थप जटिल बनेका छन् । परिवर्तित समय सन्दर्भसँगै देखा पर्ने यी चुनौतीहरूलाई हामीले वेवास्ता गरेर होइन, तिनको सामना गरेर मात्र समाधान गर्न सकिन्छ र यसका लागि हामी हिजो भन्दा भिन्न शैली र प्रतिवद्धताका साथ अगाडि बढ्नुपर्छ । योजनाबद्ध कार्यप्रणाली यिनै चुनौतीहरूको व्यवस्थित रुपमा समाधान गर्ने उपाय हो भन्ने मेरो दृष्टिकोण रहेको छ ।

वास्तवमा योजना एउटा अनुशासन हो । जव हामी योजनावद्ध विकास प्रक्रियाको कुरा गर्छौं भने यसले निश्चित तहको अनुशासनको माग गर्छ । न्यायिक सुधारको प्रक्रिया न्यायपालिका भित्रैबाट थालनी हुनुपर्छ र यसो गर्न सम्भव पनि छ भन्ने विश्वासमा नै हामीले न्यायपालिकामा योजनावद्ध सुधार प्रक्रियाको प्रारम्भ गरेका थियौं । केन्द्रबाट लादिएको योजनाले स्थानीय आवश्यकता र परिस्थितिलाई सम्बोधन गर्न नसक्ने देखेर नै दोस्रो

रणनीतिक योजनामा हरेक तहका अदालतलाई आफ्नो परिस्थिति र आवश्यकताअनुसार व्यावहारिक कार्ययोजना बनाई कार्यान्वयन गर्न आव्हान गरेका थियौं । सोही बमोजिम यहाँहरूले आफ्नो-आफ्नो अदालतको कार्यबोझ, क्षमता, आवश्यकता एवं साधन र स्रोतका आधारमा बार्षिक कार्ययोजना बनाई त्यसैका आधारमा योजनाले लक्षित गरेका कार्यहरू गर्दै आउनु भएको छ । तपाइँहरूले आफ्नो आवश्यकता र क्षमता पहिचान गरेर योजनाबद्ध रुपमा काम गर्ने पद्धति अनुशरण गरेकै कारणले गत वर्षको कार्य प्रगति हासिल भएको मैले ठानेको छु ।

न्यायाधीशको पद एउटा सार्वजनिक जवाफदेहीको पद हो । तपाईं हामीबाट सम्पादन हुने प्रत्येक कामको मूल्याङ्कन नागरिक समाज, कानून व्यवसायी, सञ्चार जगत, मानव अधिकारकर्मी, राजनीतिक तह एवं सरोकारवाला पक्षहरूबाट भइरहेको हुन्छ । हामीले गर्ने प्रत्येक निर्णय देशको प्रचलित संविधान र कानूनको परिधिभित्र रही न्यायका मान्य सिद्धान्तहरूबाट सदा निर्देशित रहन सक्नुपर्दछ । न्यायिक मूल्य र मान्यतामा आधारित भई कार्य सञ्चालन गर्न हामी आफैंले आफ्ना लागि तर्जुमा गरी लागू गरेको न्यायाधीश आचारसंहिताको पूर्ण पालनातर्फ विशेष ध्यान दिन म यहाँहरू सबैलाई आग्रह गर्दछु । साथै आचारसंहिताको पालनालाई तपाईंहरूको मूल्याङ्कन गर्ने एउटा महत्वपूर्ण आधारको रुपमा ग्रहण गर्ने परिपाटी अपनाई आएको कुरा पुनः स्मरण गराउन चाहन्छु ।

तुलनात्मक रुपमा हेर्दा गत वर्षको तुलनामा चालु आर्थिक वर्षको हालको अवधिसम्म मातहत अदालतहरूको कार्य प्रगति भने त्यत्ति उत्साहजनक देखिएको छैन । वास्तवमा कुनै विवाद आएमा कारवाही हुने हो कि भन्ने मनोविज्ञानबाट त यस्तो अवस्था आएको होइन भन्ने तर्फ पनि म सोचिरहेको छु । न्यायपालिकाभित्र अनियमितता, विकृति र विसंगतिहरू रहेका छन् भन्ने व्यापक जनगुनासो र टिकाटिप्पणीहरू हुँदै आएको अवस्थामा न्यायपालिका आफैंले सो सम्बन्धमा विस्तृत अध्ययन गरी एउटा यथार्थ चित्रण सबै समक्ष ल्याएको छ । सो अध्ययन प्रतिवेदनको पूर्ण कार्यान्वयनको लागि मैले प्रधान न्यायाधीशको जिम्मेवारी सम्हालेको अवस्थादेखि नै प्रतिबद्धता व्यक्त गर्दै आएको छु । यस बीचमा केही महत्वपूर्ण कार्यहरू पनि भएका छन् । न्यायिक कामकारवाहीको विषयमा उठ्ने गुनासाहरूको सम्बोधन गर्ने क्रममा भएका कारवाही वा निर्णयहरू कुनै आग्रह वा पूर्वाग्रहबाट प्रेरित भएका छैनन् । विधिसम्मत रुपमा गुनासाहरू उपर छानबीन गरी प्राप्त तथ्यको आधारमा एउटा निष्कर्षमा पुग्नुपर्ने आवश्यकताअनुरूप नै न्याय परिषद्बाट निर्णयहरू भएका छन् । वास्तवमा न्यायकर्मीले इमानदार, निष्पक्ष र निर्भीक नभएसम्म निष्पक्ष न्यायसम्पादन गर्न सक्तैन भने अर्कोतिर इमानदार, निष्पक्ष र निर्भीक रुपमा काम गर्ने न्यायकर्मीले कुनै प्रकारको उजूरीबाट विचलित हुनपर्ने अवस्था पनि हुँदैन । आफूले गरेको कामको बारेमा आत्ममूल्याङ्कन गर्ने आफैंले हो । सही वा गलत के गरें भनी न्यायकर्मीले स्वयं मूल्याङ्कन गरी कार्य गर्न सक्नुपर्दछ ।

हाम्रा न्यायाधीश र कर्मचारीको मूल्याङ्कन, योगदान वा उपलब्धिहरू हाम्रो सम्पर्कमा आएको कारणले वा हामीले कसैको बारेमा बनाएको व्यक्तिगत धारणाले निरुपित गर्ने नभई तिनीहरूले सम्पादन गरेको काम र त्यसको गुणस्तरबाटै वस्तुपरक ढंगले निरुपित हुनुपर्दछ भन्ने कुरामा विवाद छैन । हरेक अदालत तथा न्यायाधीशले गरेका कामकारवाहीहरू योजना अन्तर्गत निर्धारित हुने कार्यक्षमता सूचकाङ्क (Performance Indicators) बमोजिम भए नभएको सम्बन्धमा निरन्तर निगरानी हुनुपर्छ र निजहरूको व्यक्तिगत कार्यसम्पादनको मूल्याङ्कनको विषय बन्नुपर्दछ भन्ने मलाई लागेको छ । यसै उद्देश्यले हरेक न्यायाधीशको मासिक कार्य फछ्र्यौट प्रतिवेदन र तत्सम्बन्धी मूल्याङ्कन सम्बन्धित न्यायाधीशको व्यक्तिगत फाइलको अङ्ग बनाउनेतर्फ म लागिरहेको कुरा अवगत गराउन चाहन्छु । योजना कार्यान्वयन समितिका संयोजक माननीय श्री कल्याण श्रेष्ठ यहीं हुनुहुन्छ । वहाँको समितिबाट पनि यस सम्बन्धमा रचनात्मक सुझावहरू आउन भनी अनुरोध गर्न चाहन्छु । खास गरेर यो वर्ष सरुवाको हल्लाको कारणले पनि मुद्दा फछ्र्यौटमा अपेक्षित प्रगति भई नरहेको भन्ने सुनेको छु । सरुवा एउटा नियमित प्रक्रिया हो भन्ने हामीले बुझ्नुपर्दछ । हामी सरुवा भए पनि नभए पनि, यो अदालतमा बसेपनि र त्यो अदालतमा गएपनि न्यायाधीश नै हौं । हाम्रो कामको प्रकृतिमा यसले कुनै अन्तर नल्याउने पनि पक्का छ । त्यसैले कार्यसम्पादनलाई सरुवाको हल्लासँग नजोडी दिनुहुन अनुरोध गर्दछु । अबको सरुवामा यो वर्षको फछ्र्यौटलाई पनि आधार बनाउनेतर्फ हाम्रो ध्यान गएको छ । साथै सरुवा भएर जाँदा साविककै अदालतको

फछ्र्यौट संख्या पनि साथमा लिएर जाने व्यवस्था मिलाउन लागिएको कुरा पनि जानकारी गराउन चाहन्छु ।

अहिले न्यायपालिकाको स्वतन्त्रतामाथि नै प्रश्न उठाउने प्रयत्नहरू पनि भइरहेका छन् । खासगरी न्यायाधीशहरू जवाफदेही भएनन् भन्ने आधारबाट न्यायपालिकाको स्वतन्त्रताको औचित्यमाथि प्रश्न उठाउने प्रयास भैरहेको छ । तर न्यायपालिकाको स्वतन्त्रता कुनै न्यायाधीशको व्यक्तिगत रक्षाकवच नभई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी न्याय प्राप्त गर्ने जनताको नैसर्गिक हकको प्रत्याभूतिको लागि हो । हामीले सम्पादन गर्ने कामकारवाहीको गुणस्तर र सेवा प्रवाहको प्रभावकारिताबाट मात्रै अहिलेको संक्रमणकालीन अवस्थामा न्यायिक स्वतन्त्रताको अपरिहार्यतालाई हामीले पुष्टि गर्नसक्नु परेको छ । त्यसैले यहाँहरू निष्पक्ष न्यायसम्पादनको कार्यमा इमानदारीपूर्वक लाग्न सकेमा नै न्यायिक स्वतन्त्रताको रक्षा र न्यायिक योजनाद्वारा लक्षित उद्देश्य प्राप्तीमा सफलता प्राप्त हुनेछ ।

आजको यस पारिवारिक जमघटमा म के पनि भन्न चाहन्छु भने इमानदारीतापूर्वक काम गर्नुस्, म संधै यहाँहरूको साथमा रहनेछु । न्यायपालिकाभित्र हालै थालिएका कारवाहीबाट न्यायाधीशहरूले कारवाहीको त्रास पाल्नु पर्ने वा मनोबल घटाउनु पर्ने कुनै आवश्यकता छैन । म यहाँहरूलाई आश्वस्त पार्न चाहन्छु- असल नियतले इमानदारीतापूर्वक गरेको कामको लागि यहाँहरू कोही पनि त्रासको शिकार बन्न जरुरी छैन । तपाइँ हामी न्यायाधीशको शपथ लिएर सेवामा समर्पित व्यक्तिहरूले कुनै पनि बहानामा आफ्नो विवेकलाई मार्‍यौं र न्यायिक मूल्य, मान्यता र आदर्शलाई छोडेर अन्यथा गर्न पुग्यौं भने त्यो हाम्रो पदीय धर्म विपरीत हुनेछ । यसैले म यहाँहरूलाई आव्हान गर्न चाहन्छु -**"बरु आकाशै खसोस् कर्तव्यबाट विचलित हुने छैन"** भन्ने जुन आदर्श न्यायाधीशले बोकेको हुन्छ, त्यही आदर्शलाई आत्मसात गरौं, निष्ठामा रहौं र विवेकको उचित प्रयोग गरौं ।

**अन्तमा,** पुनः एक पटक आजको यो छलफल कार्यक्रमको आयोजनाका लागि आयोजकहरूप्रति धन्यवाद दिन चाहन्छु । गत वर्ष जस्तै यो वर्ष पनि मुद्दाको बक्यौता कम गर्ने दिशामा यहाँहरूबाट पूर्ण सहयोगको अपेक्षा गर्दै विदा हुन्छु ।

**धन्यवाद !**

## सर्वोच्च अदालत बार एशोसिएशनको आयोजना र इन्टरनेशनल कमिशन अफ जुरिष्ट (ICJ) को सहयोगमा "Ensuring Independence and Accountability of the Judiciary in the New Constitution" विषयक छलफल कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री खिलराज रेग्मीज्यूले दिनु भएको मन्तव्य

नेपालको संवैधानिक इतिहासमा पहिलो पटक नेपाली जनता आफैले निर्वाचित गरेका जनप्रतिनिधिहरूद्वारा राज्यको पुनर्संरचनासहित संघीय पद्धतिमा आधारित लोकतान्त्रिक संविधान निर्माणको प्रक्रिया चलिरहेको छ । संघीयता, गणतन्त्र र स्वयं निर्माण प्रक्रियाको कारण अव वन्ने संविधान विगतका संविधान भन्दा फरक र विशिष्ट हुने देखिएको छ । यस अवस्थामा संविधान र कानूनको बारेमा जानकारी राख्ने यस प्रकारका विज्ञहरूको उपस्थितिमा भावी संविधानमा न्यायिक स्वतन्त्रता र उत्तरदायित्वसम्वन्धी विषयलाई कसरी सन्तुलित रुपमा समावेश गर्न सकिन्छ भन्ने अत्यन्त महत्वपूर्ण र सान्दर्भिक विषयमा छलफल कार्यक्रमको आयोजना गरी मलाई पनि यहाँहरूसमक्ष उपस्थित भै आफ्ना धारणाहरू राख्ने अवसर प्रदान गर्नु भएकोमा सर्वप्रथम म आयोजक संस्थालाई धन्यवाद दिन चाहन्छु । आज यस विषयमा हुने बौद्धिक व्यक्तित्वहरूका बीचको छलफल र वहसवाट निस्कने निष्कर्षले स्वतन्त्र, निष्पक्ष, सक्षम र जवाफदेही न्यायपालिकासहितको लोकतान्त्रिक संविधान निर्माणमा योगदान पुग्न जाने मैले विश्वास लिएको छु ।

आजको एक्काइसौं शताव्दीको खुल्ला समाजमा व्यक्तिका आधारभूत मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको संरक्षण गरी दमन, अन्याय र उत्पीडनबाट व्यक्तिको संरक्षण गर्नु राज्यको मुख्य जिम्मेवारी हुन्छ । स्वतन्त्रताको अधिकार खुल्ला समाजको सारवस्तु भएकोले यसलाई जुनसुकै समयमा पनि संरक्षण गरिनु पर्छ भन्ने आधुनिक समयमा एउटा सर्वस्वीकार्य मान्यता स्थापित रहेको छ । यस तथ्यलाई हृदयङ्गम गरी आधुनिक समयमा

बनेका लिखित संविधानहरूमा व्यक्तिका आधारभूत अधिकारहरूलाई सुनिश्चित गरी यस्ता अधिकारहरूमा हस्तक्षेप गर्न सरकारका अङ्गहरूलाई रोक लगाउने गरिएको पाइन्छ । स्वतन्त्रता, न्याय र शान्तिको अधिकारलाई आजको विश्वमा मानव समुदायका सदस्यहरूको अन्तर्निहित र अहरणीय अधिकारको रुपमा मान्यता दिईदै आएको छ ।

राज्यका तीन अंगहरूमध्ये न्यायपालिकाले राज्यका अंगहरूका बीच, राज्य र व्यक्तिका बीच तथा व्यक्ति र व्यक्तिका बीचको विवादमा न्यायिक निरूपण गर्नुपर्ने भएकोले यो कार्यपालिका र व्यवस्थापिकाबाट स्वतन्त्र हुनुपर्छ र यसैवाट नागरिकहरूको स्वतन्त्रताको संरक्षण सुनिश्चित गर्न सकिन्छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । कानूनको व्याख्या गर्ने र लागू गर्ने महत्वपूर्ण भूमिका न्यायपालिकाको नै हुने भएकोले कानूनको शासन कायम गर्ने र सरकार कानूनबमोजिम सञ्चालन भएको छ भन्ने कुरामा जनतालाई आश्वस्त पार्ने काम पनि न्यायपालिकाले गर्नुपर्ने हुन्छ । हाम्रो जस्तो लिखित संविधान भएको देशमा संविधानको व्याख्या गरेर त्यसलाई व्यवहारमा लागू गर्नु, आफू पनि संविधान र कानूनको दायराभित्र रही राज्यका अरु अंगहरूलाई पनि संवैधानिक दायराभित्र रहन र चल्न निर्देश गरेर संवैधानिक सर्वोच्चताको संरक्षण गर्नु न्यायपालिकाको अर्को जिम्मेवारी रहन्छ ।

लोकतान्त्रिक शासन प्रणालीको परिचय र परीक्षण गर्नुपर्दा कार्यपालिका र व्यवस्थापिकाले हस्तक्षेप गर्न नपाउने गरी नियन्त्रण र सन्तुलनको प्रभावकारी संयन्त्रको रूपमा स्वतन्त्र न्यायपालिका सम्बन्धी व्यवस्था संविधानले गरेको छ वा छैन भनी अनिवार्य रूपले विचार गरिन्छ। साधारणतया न्यायिक स्वतन्त्रता भनेको न्यायाधीशले कुनै पनि दुरासय वा कसैको प्रभाव र दवावमा नरही निष्पक्ष ढङ्गले निर्णय दिनु हो । न्यायाधीशले त्यस्तो क्षमता हासिल गर्न संविधानवाट नै पूरा संरक्षण प्राप्त गरेको हुनु पर्दछ । तर, यो संरक्षण व्यक्तिगत रुपमा न्यायाधीशको लागि नभएर स्वतन्त्र र निष्पक्ष न्यायिक निकायवाट स्वच्छ सुनुवाई गरी न्याय प्राप्त गर्न पाउने जनताको अधिकार रक्षाको लागि  हो । यसैले लिखित संविधान, संविधानवाद, विश्वव्यापी मानव अधिकार, कानूनी शासन, मौलिक हक एवं समावेशी लोकतन्त्रप्रतिको सैद्धान्तिक प्रतिवद्धताका आधारमा स्वतन्त्र, सक्षम, अधिकारसम्पन्न एवं जवाफदेही न्यायपालिकाको स्थापना वर्तमान अवस्थामा अपरिहार्य भएको हो ।

विगतमा रहेका कमीकमजोरीहरूलाई सुधार गरी लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्न लागिएको वर्तमान परिवेशमा लोकतान्त्रित मूल्य मान्यता र मानव अधिकारको सम्मान, नागरिक स्वतन्त्रताको सम्मान र संरक्षण अझ बढी मात्रामा हुनु अपरिहार्य रहेको देखिन्छ र यसको संरक्षण स्वतन्त्र न्यायपालिकाबाट मात्र सम्भव हुन सक्दछ । तर न्यायपालिकालाई प्राप्त अधिकारक्षेत्रको प्रयोग र अभ्यास न्यायाधीशद्वारा हुने भएकोले न्यायाधीश र न्यायपालिकाको प्रसंग उठ्नासाथ निष्पक्षता, स्वच्छता र पारदर्शिता पनि साथसाथै जोडिएर आउँछ ।

कुनै समयमा न्यायपालिकाको स्वतन्त्रता सम्वन्धमा उठ्ने मुख्य विषयवस्तु भनेको नै न्यायाधीशको नियुक्ति प्रक्रिया, कार्यअवधि, सेवा सुविधा र उसको कार्यसम्पादन तथा निष्ठासँग मात्र सम्बन्धित हुन्छ भन्ने थियो । यी विषयवस्तुको महत्व र निरन्तरतामा कुनै आँच आउनु हुँदैन भन्ने कुरामा अहिले पनि कुनै शंका छैन । तथापि पछिल्लो समयमा आएर न्यायिक स्वतन्त्रता र न्यायिक उत्तरदायित्वलाई सँगसँगै हेरिनु पर्दछ भन्ने मान्यतामा जोड दिन थालिएको छ । त्यसैले आज न्यायिक स्वतन्त्रता (Judicial Independence) र न्यायिक उत्तरदायित्व (Judicial Accountability) को सिद्धान्तलाई सँगसँगै सन्तुलनमा लिएर जानु पर्दछ भन्ने नयाँ मान्यता स्थापित भएको पाइन्छ । न्यायाधीशहरू उत्तरदायित्वविहीन हुनुपर्छ भनी कसैले पनि माग गर्न सक्तैन । न्यायाधीशले सम्पादन गर्ने प्रत्येक कामप्रति उसको जवाफदेहीता हुनुपर्दछ । तर त्यस्तो जवाफदेहिता कसरी कायम गर्ने र यसको संयन्त्र के कस्तो हुनु पर्दछ  भन्ने कुरा महत्वपूर्ण छ ।

आजको विश्व परिवेशमा हेर्दा, कुनै पनि लोकतान्त्रिक मुलुकमा न्यायिक स्वतन्त्रताको संवैधानिक प्रत्याभूतिको तुलनामा न्यायिक उत्तरदायित्वको प्रत्याभूति कमजोर रहेको भन्ने प्रश्नहरू अवश्य पनि उठिरहेका छन् । त्यसकारण नवलोकतान्त्रिक मुलुकहरूमा न्यायिक उत्तरदायित्वको परम्परागत संयन्त्र अपर्याप्त भएको भनी त्यसका लागि प्रभावकारी कानूनी संरचना निर्माण हुनुपर्दछ भन्ने आवाज मुखरित हुँदै आएको पनि पाइन्छ । यस्तो आवाज उठाउने समुदायबाट न्यायपालिका सीधै व्यवस्थापिकाप्रति जवाफदेही हुनुपर्छ भन्ने सम्मका सुझाउहरू पनि आएका छन् । तर, न्यायिक स्वतन्त्रताको

आधारभूत मूल्य र मान्यतामा आँच आउने किसिमबाट न्यायिक उत्तरदायित्वसम्बन्धी संयन्त्रको खोजी वा विस्तार गरिनु अन्ततः नागरिकका हक अधिकार रक्षाको सवालमा खतरापूर्ण हुन जान्छ भन्ने कुरामा सचेतता अपनाउनु अवश्यक छ । यस सिलसिलामा मलेशियाका प्रधान न्यायाधीश Tan Sri Datuk ले व्यक्त गर्नु भएको "Judicial accountability must be developed, consistent with the principles of judicial independence and integrity" भन्ने भनाई मननयोग्य रहेको छ । हाम्रो सन्दर्भमा पनि यसै विचारको जगमा न्यायिक स्वतन्त्रता र उत्तरदायित्वको खोजी गरिनु समयसापेक्ष हुनेछ भन्ने मेरो विश्वास रहेको छ।

न्यायिक स्वतन्त्रता र न्यायिक उत्तरदायित्व सँगसँगै अघि बढ्ने मान्यता भएकोले एकको अभावमा अर्को अपुरो र अधुरो हुन्छ । उत्तरदायित्वको नाममा न्यायाधीशलाई राज्यका अन्य अङ्गहरूप्रति उत्तरदायी वनाईयो भने त्यसले स्वतन्त्र न्यायपालिकाको मर्म माथि नै गम्भीर प्रहार गर्दछ । यसैगरी स्वतन्त्रताका नाममा न्यायाधीशलाई स्वच्छन्द हुन छुट दिइयो भने न्यायाधीशको खराव आचरण, असक्षमता र अनुशासनहीनतालाई नियन्त्रण गर्न सकिँदैन । न्यायिक स्वतन्त्रताको अर्थ स्वच्छन्दता कदापि होइन। न्यायिक स्वतन्त्रता जनविश्वासमा अडेको हुनाले यसवाट भएको कामकारवाहीले जनआस्था अभिवृद्धि हुन सक्नुपर्छ। यसका लागि न्यायाधीशहरूले उच्चतम् इमानदारिता देखाउँदै न्यायप्रति पूर्ण जवाफदेही हुनै पर्दछ।

तर न्यायाधीशहरू निर्वाचित जनप्रतिनिधि जस्तो नहुने भएकोले जहिले पनि जनता प्रति अप्रत्यक्ष रुपमा न्यायसम्पादनको माध्यमद्वारा उत्तरदायी रहन्छन् । न्यायाधीशहरू मुद्दाको स्वच्छ र निष्पक्ष निर्णय गर्ने हदसम्म उत्तरदायी हुन्छन्। उनीहरू आफूले दिएका निर्णयहरू कानूनसंगत छन् र स्वेच्छाचारी छैनन् भन्ने कुराप्रति प्रतिवद्ध र सचेत हुनुपर्छ। आफूले दिने न्यायिक निर्णयहरू कारण सहित दिनु पर्दछ, खुल्ला इजलासमा पारदर्शी ढङ्गले कमकारवाही गरी न्याय प्राप्तिका लागि अदालत समक्ष आउने जनसमुदायप्रति जवाफदेहिता देखाउनै पर्दछ। उसले गरेको फैसला प्रकाशित गरी जनसमक्ष पुऱ्याइने र तह-तह पुनरावेदनको माध्यमवाट फैसलाहरू परीक्षण गरिने हुनाले न्यायाधीशलाई उसले गरेको कामको परीक्षण गरेर उत्तरदायी बनाइएको हुन्छ। न्यायाधीशहरूको उजूरी र कारवाहीको संवैधानिक प्रक्रियामा छलफल र समालोचना हुन सक्छ । यीनै माध्यमवाट न्यायाधीश जनता प्रति उत्तरदायी रहन्छ र यस कार्यले न्यायिक स्वतन्त्रता र निष्पक्षता कायम गर्न सहयोग गरिरहेको हुन्छ।

न्यायिक स्वतन्त्रताको परिप्रेक्ष्यमा न्यायिक उत्तरदायित्वलाई प्रभावकारी रूपमा कार्यान्वित गराउनु अति कठिन कार्य हो। न्यायिक स्वतन्त्रताको नाउँमा स्वच्छन्दता हुन गयो र उत्तरदायित्वको नाउँमा नियन्त्रित र कमजोर न्यायपालिकाको निर्माण हुन गयो भने यो दुवै अवस्था नागरिक स्वतन्त्रताको पक्षमा हुँदैन । यसैले न्यायाधीशलाई अदालत बाहिरको संरचनाबाट उत्तरदायित्व तोकेर निर्देशित रुपमा न्यायसम्पादन गराउन खोज्नु न्यायपालिका माथि हस्तक्षेप हुने तथा न्यायाधीश वाह्य नियन्त्रणको अधीन हुनजाने भय रहन्छ। यसर्थ न्यायिक अराजकताको सम्भावनालाई नियन्त्रण गर्ने र न्यायिक स्वतन्त्रतालाई कायम गर्ने कार्यमा सन्तुलित भूमिका निर्वाह गर्न न्यायिक उत्तरदायित्वको सिद्धान्त अत्यन्त महत्वपूर्ण र संवेदनशील विषय हो। तसर्थ यस्तो जवाफदेहिता वहन गर्नुपर्ने भएकोले न्यायाधीशको नियुक्ति गर्दा नैं सक्षम व्यक्तिहरूको बीचवाट छनौट गरिनुपर्छ भन्ने मान्यता विकसित भएको हो।

वर्तमान परिप्रेक्षमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११२ ले प्रधान न्यायाधीशको जिम्मेवारी तोकेको छ । यो व्यवस्था अघिका संविधानभन्दा विशेष व्यवस्था हो । मुलुकको न्यायप्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशको हुनेछ भनिएको छ । न्यायपालिका र न्यायाधीशलाई जवाफदेही बनाउने दिशामा यसले विशेष महत्व राख्दछ भन्ने मलाई लाग्दछ । यसका लागि न्याय प्रशासनसम्वन्धी विभिन्न कार्यमा प्रधान न्यायाधीशको नेतृत्वदायी भूमिका रहनु नितान्त आवश्यक हुन्छ । न्यायपालिकालाई परमुखापेक्षी बनाएर न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता र प्रभावकारिताको अपेक्षा गर्न सकिँदैन र यसले अपेक्षित भूमिका पनि निर्वाह गर्न सक्दैन।

संविधान निर्माणको क्रम चलिरहेको वर्तमान अवस्थामा अहिले नै समाजका विभिन्न तह र तप्काका मागहरूलाई एकत्रित गरी ती मागहरूलाई राष्ट्रिय रुपमा छलफल र वहस गरी सम्बोधन गर्न सकेमा भविष्यमा देखिने सम्भावित द्वन्द्वलाई न्यूनीकरण गर्न सकिन्छ । संविधान राष्ट्रको मार्ग चित्र र जनताको आस्था र

विश्वासको वडापत्र भएकोले जनताको सहभागितामा जनताकै चाहनाबमोजिम आफ्नो मुलुकको परिवेशअनुरूप लोकतान्त्रिक आधारभूत मान्यतालाई समाहित गरी तर्जुमा गर्न सकेमा नै यस्तो संविधान टिकाउ हुन सक्छ । संविधान निर्माणको मुख्य उद्देश्य जनताका आधारभूत हक अधिकार सुनिश्चित गर्नु रहेकोले संविधानले नागरिकको जीवन, स्वतन्त्रता र सुखको प्रत्याभूतिको निम्ति आवश्यक पर्ने अधिकार र स्वतन्त्रताको संरक्षण गरेको हुनुपर्छ । यस्ता अधिकार वास्तविक रुपमा उपभो गर्नसक्ने अवस्था सिर्जना गर्नका लागि स्वतन्त्र न्यायपालिकाको केन्द्रीय भूमिका रहन्छ ।

कुनै पनि संगठन समस्यामुक्त रहन सक्दैन । केहि पनि समस्या नभएको संगठन जीवन्त र गतिशील पनि हुँदैन । नेपालको न्यायपालिका पनि समस्यामुक्त छैन । यस किसिमको समस्या रहनुमा आन्तरिक तथा वाह्य दुवै कारण हुन सक्दछन् । संक्रमणकालीन अवस्थाको कारण समग्र मुलुकले व्यहोरिरहेको समस्याको प्रभाव पनि न्यायपालिकामा परेको हुन सक्दछ । यस्ता समस्याहरूको आन्तरिक तथा वाह्य कारक तत्वहरूको पहिचान गरी समाधान गर्दै सुखद भविष्यतर्फ उन्मूख रहनु नै अहिलेको आवश्यकता रहेको छ । यदि न्यायपालिकाभित्रका समस्याहरूको समाधान गर्ने र न्यायपालिकालाई जवाफदेही बनाउने नाममा यसलाई नियन्त्रित गर्ने र दवाव र प्रभावमा कार्यसम्पादन गर्नुपर्ने परिस्थिति सिर्जना गरियो भने त्यो समग्र मुलुक, जनता र लोकतन्त्र कसैको पनि हितमा हुँदैन भन्ने कुराको हेक्का हामी सवैले राख्नै पर्दछ ।

जवसम्म संविधानमा न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष, सक्षम र सवल बनाउने संयन्त्रको प्रत्याभूति गरिदैन तवसम्म जवाफदेहिताको सफल कार्यान्वयनको आशा गर्न पनि सकिँदैन । त्यसैले न्यायिक स्वतन्त्रताका स्थापित मापदण्डहरूलाई कायम राख्दै न्यायिक उत्तरदायित्वको अन्तरवस्तुलाई क्रियाशील पारिएमा यी दुई सिद्धान्तबीचको सन्तुलन कायम हुन सक्दछ । यस आधारमा मात्र न्यायपूर्ण लोकतान्त्रिक समाजको आदर्श पूरा हुने अपेक्षा गर्न सकिन्छ ।

अन्त्यमा, संघिय लोकतान्त्रिक पद्धतिमा आधारित संविधान निर्माण हुन लागिरहेको यस महत्वपूर्ण घडिमा संघीय व्यवस्थाको कार्यान्वयनका क्रममा आउने जटिलताहरूको समाधान गर्नसक्ने, न्यायको प्राप्ति र पहुँचका निम्ति वढेको जनआकांक्षालाई सम्बोधन गर्न कुनै पनि स्रोतवाट आउने अनुचित प्रभावदेखि मुक्त हुने र न्यायिक प्रकृतिका सवै विषयहरूमा निष्पक्ष सुनुवाई गर्न सक्षम, स्वतन्त्र र जवाफदेही न्यायपालिकाको निर्माण गरी स्वतन्त्र र सक्षम निकायवाट न्याय प्राप्त गर्ने जनताको हक सुनिश्चित गर्ने संविधान निर्माण प्रक्रियामा सहयोगी हुन यो कार्यक्रम सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**